# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०२ | काठमाडौं | शुक्रबार, १९ फागुन २०७९ | Prabhab National Daily | Friday, March 03, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## आठ वर्षपछि नेपाल यू-१९ विश्वकपमा

### दीपेश कँडेलको 'ह्याट्रिक' योगदान



■ प्रभाव संवाददाता

**काठमाडौं–** दीपेश कँडेलले ह्याट्रिक विकेट लिएपछि युएईमाथि रोमाञ्चक जित निकाल्दै नेपाल यू-१९ विश्वकपका लागि छनोट भएको छ । निर्णायक खेलमा बिहीबार युएईलाई उसकै मैदानमा पराजित गर्दै नेपाल आठ वर्षपछि यू-१९ विश्वकपका लागि छनोट भएको हो ।

युएईमा भएको खेलमा नेपालले १९२ रनको लक्ष्य पछ्याएको युएईलाई ४८ ओभरमा १८४ रनमा समेट्दै सात रनले पराजित गऱ्यो । यस जित सँगै अर्को वर्ष श्रीलंकामा हुने यू-१९ विश्वकपका लागि नेपाल छनोट भएको हो ।

युएईको अजमानमा टस हारेर ब्याटिङ गरेको नेपालले कप्तान देव खनालको अर्धशतकीय सहयोगमा ४८.५ ओभरमा १९१ रनको योगफल बनाएको थियो । उक्त योगफल पछ्याउने क्रममा उत्कृष्ट सुरुआत गरेको युएईलाई ४७औं ओभरमा ध्वस्त पार्ने क्रममा कँडेलले लगातार तीन विकेट लिएपछि सन् २०१६ यता पहिलोपल्ट उमेरसमूहको क्रिकेट विश्वकपमा प्रवेश गरेको हो ।

यसपटक एसिया क्षेत्रीय छनोटमा नेपाल र युएईसँगै मलेसिया, हङकङ, सिंगापुर र कुवेत थिए । नेपालले यसअघिका चारवटै खेलमा सहज जित हासिल गरेको थियो । (विस्तृत पृष्ठ ६ मा)

राष्ट्रपतिका उम्मेदवार

# भोट माग्न नेम्बाङको दौडधुप

- एमालेका राष्ट्रपति उम्मेदवार सुवासचन्द्र नेम्बाङले एकैदिन रास्वपा, राप्रपा र नेकपा एसका अध्यक्षलाई भेटेर मत मागे
- आठ दलीय गठबन्धनका साझा उम्मेदवार रामचन्द्र पौडेलले रेशमलाल चौधरीलाई जेलमा गएर निर्वाचनमा सहयोग गर्न आग्रह गरे

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रपतिका एमाले उम्मेदवार सुवासचन्द्र नेम्बाङले 'म्याराथन' दौड शैलीमा राजनीतिक दलहरूका कार्यालय पुग्दै मत मागिरहेका छन् । यही २५ फागुनमा हुने राष्ट्रपति निर्वाचन नजिकिँदै गर्दा उनको रफ्तार बढेको छ । निर्वाचन हुन केही दिनमात्र बाँकी छँदा गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति हुन नेम्बाङको यस्तो सक्रियता देखिएको हो ।

बिहीबार नेम्बाङले आफ्नै पूर्वनेतासमेत रहेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई भेटे । भेटमा नेम्बाङले अध्यक्ष नेपालसँग निर्वाचनमा मत दिएर सहयोग गर्न र गराउन आग्रह गरे । अध्यक्ष नेपाल नेम्बाङले आग्रह गर्दा सकारात्मक भएको नेम्बाङसँगै गएका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले बताए ।

'हामीले राष्ट्रपतिमा सहयोग गर्न भन्यौं । उहाँ (अध्यक्ष नेपाल)ले सकारात्मकरूपमा लिएको छु भन्नुभयो,' गुरुङले भने । नेपालसँग मत माग्न नेम्बाङ र गुरुङसँगै अर्का उपाध्यक्ष विष्णु पौडेल, सचिवहरू रघुवीर महासेठ, योगेश भट्टराई र नेतृ विमला राई पौडेल गएका थिए ।

तर, यी नेताहरू सम्मिलित भेटपछि नेपालको दलका प्रवक्ता जगन्नाथ खतिवडाले एमालेको प्रतिनिधिमण्डलले राष्ट्रपति निर्वाचनमा एमाले उम्मेदवारलाई मतदान गर्न आग्रह गरे पनि अध्यक्ष नेपालले भने रामचन्द्र पौडेलको प्रस्तावक बसेकाले तत्काल यसै गर्छौं भन्न नसकिने बताएको दाबी गरे । उनका अनुसार नेपालले मत



**बिहीबार राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयमा मत माग्न पुगेको राष्ट्रपतिका एमाले उम्मेदवार सुवासचन्द्र नेम्बाङ र उनको टोली ।**

माग्न आएकोमा नेम्बाङको एमाले प्रतिनिधिमण्डललाई धन्यवाद ज्ञापन गरे ।

अध्यक्ष नेपाल राष्ट्रपतिमा आठ दलीय गठबन्धनका साझा उम्मेदवार पौडेलका प्रस्तावक हुन् । उनको दलले यसअघि नै पौडेललाई राष्ट्रपति निर्वाचनमा मत दिने निर्णय गरिसकेको छ । निर्णय गरे पनि एमाले अध्यक्ष केपी शर्मा ओलीले यसअघि नेपाललाई चिठी पठाएर आफ्ना दलका उम्मेदवार नेम्बाङलाई (बाँकी पृष्ठ २ मा)

## पौडेल जेलतिर



**काठमाडौं (प्रस)–** आठ दलीय गठबन्धनका साझा उम्मेदवार रामचन्द्र पौडेल मत माग्न कारागार पुगे । डिल्लीबजारस्थित कारागारमा उनले नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीलाई भेट गर्दै निर्वाचनमा मत दिन आग्रह गरे ।

पौडेलका सहयोगी चिरञ्जीवी अधिकारीका अनुसार पौडेलले चौधरीलाई भेटमा भने, 'राष्ट्रपति उठेको थाहा पाइहाल्नुभयो । सकेको वातावरण बनाइदिनुपऱ्यो ।'

जवाफमा चौधरीले निर्वाचनमा सहयोग गर्ने वचन दिएको अधिकारीले बताए । 'तपाईंजस्तो सम्मानित व्यक्तित्वलाई राष्ट्रपति उम्मेदवार पाउँदा हाम्रो साथ रहन्छ,' चौधरीको भनाइ उद्धृत गर्दै अधिकारीले भने ।

उम्मेदवार पौडेलले आठदलीय गठबन्धनका प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाका सबै सांसदलाई राष्ट्रपतिमा जिताइदिन आग्रह गर्दै पत्र लेखेका छन् । संविधान, संघीयता, लोकतन्त्र र गणतन्त्रको संरक्षक हुने र राष्ट्रपति संस्थाको गरिमालाई जोगाउने उनको प्रतिबद्धता छ ।

उनै उम्मेदवार पौडेललाई प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपति निर्वाचन जित्न झन् सहज हुँदै गएको बताए । दाहालले आम जनता पार्टी, नेपाल संघीय समाजवादी पार्टीलगायत दलको पनि समर्थन जुटेको र त्यसो हुँदा पौडेललाई निर्वाचन जित्न मुस्किल नहुने बिहीबार गठबन्धनका सांसदहरूलाई लक्षित गरी आयोजित अभिमुखीकरण कार्यक्रममा बताए । पौडेललाई आठ दलको समर्थनमा राष्ट्रपतिको उम्मेदवार बनाएपछि राष्ट्रिय एकताको सन्देश प्रवाह भएकोसमेत उनले दाबी गरे ।

अभिमुखीकरण कार्यक्रममा बोल्दै कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति पदका उम्मेदवार पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल लोकतन्त्रका लागि ठूलो त्याग र संघर्ष गरेका नेता भएको उल्लेख गर्दै उनलाई विजयी बनाउन आह्वान गरे । 'नेता पौडेल राजनीतिमा दुःख गरेका सिनियर साथी हुनुहुन्छ, उहाँ लोकतन्त्रको खिलापमा आफू कहिल्यै पनि जानुहुन्न र अरुलाई पनि जान दिनुहुन्न,' उनले भने ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रपति मुलुकको अभिभावक भएको र राष्ट्रपतिबाट मुलुकको भौगोलिक अखण्डता, स्वाभिमान र जनहितको जगेर्नामा भूमिका र योगदान हुने बताए । उनले विगतमा राष्ट्रपतिको भूमिकाका सम्बन्धमा केही गुनासो आएको उल्लेख (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## ओमानबाट नक्कली मागपत्र बनाएर ठगीधन्दा

### सचेत रहन नेपाली दूतावासको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** ओमानस्थित मस्कटमा रहेको नेपाली दूतावासले दूतावासको छाप र पदाधिकारीको हस्ताक्षर दुरूपयोग गरी नक्कली मागपत्र (डिमाण्ड लेटर) बनाएर ठगी भइरहेकोबारे सचेत गराएको छ । दूतावासका अनुसार ठगीमा सक्रिय गिरोहले नक्कली मागपत्र प्रमाणीकरण गराइ नेपालमा रहेका म्यानपावरहरूलाई पठाएर झुक्याउँदै आर्थिक ठगी गर्ने गरेको पाइएको छ ।

दूतावासले मंगलबार एक विज्ञप्ति जारी गर्दै ठगी गर्ने गिरोहले मागपत्र प्रमाणीकरणसम्बन्धी कागजातहरू विशेषगरी बिहीबार नेपालमा रहेका म्यानपावरहरूलाई उपलब्ध गराउने र आइतबार मात्र दूतावासबाट वैदेशिक रोजगार विभागको अनलाइन प्रणाली सफ्टवेयर फेइम्स्मा अपलोड हुने भनी झुक्याउने गरेको उल्लेख छ । साथै, म्यानपावरबाट उल्लिखित कागजात फेइम्स् प्रणालीमा अपलोड गर्न अनुरोध गर्दै दूतावासमा इमेलसमेत प्राप्त हुने गरेको भन्दै त्यस्ता गिरोहको झुक्यानमा नपर्न र सतर्क रहन दूतावासले आग्रह गरेको छ ।

दूतावासले प्रमाणीकरण भएका कामदारका मागपत्रहरू प्रत्येक दिन भोलिपल्ट बिहानसम्ममा फेइम्स् प्रणालीमा अपलोड भइसक्ने जनाउँदै बिहीबार प्रमाणीकरण भएका मागपत्रहरू पनि त्यही दिन साँझसम्म अपलोड भइसक्ने जनाएको छ । साथै, यसरी प्राप्त नक्कली कागजातमाथि आवश्यक अनुसन्धान गरी कानुनी



कारबाही गर्नका लागि सम्बन्धित निकायमा पठाइसकिएको दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । दूतावासबाट प्रमाणीकरण भएका कुनै मागपत्र सम्बन्धमा थप जानकारी चाहिएमा वा नक्कली कागजात, सरकारी छाप बनाउने तथा मानवतस्कर गर्ने गिरोहबारे कुनै जानकारी भएमा नेपाल सरकारको सम्बन्धित निकायमा वा ओमानमा रहेको दूतावासलाई जानकारी गराउन सरोकारवाला सबैलाई दूतावासले आग्रह गरेको छ ।

त्यस्तै दूतावासले हालै वैदेशिक रोजगारीको लागि ओमानमा रहेका नेपालीहरूलाई चेतना अभिवृद्धिका लागि 'श्रमिक सचेतना'सम्बन्धी कार्यक्रमसमेत सञ्चालन गरेको छ । कार्यक्रममा विशेषगरी ओमानमा गर्न हुने र नहुने कार्यहरू, त्यहाँको श्रम कानुनको मूलभूत पक्षहरू, श्रम स्वीकृत लिएर विदेशमा काम गर्ने कामदारहरूले स्वदेशमा व्यवस्था गरिएको आरक्षित सेयरमा लगानी गर्ने तरिकाकोबारेमा जानकारी दिइएको थियो ।

यसैगरी औपचारिक तथा बैंकिङ माध्यमबाट नेपालमा रकम पठाउने तरिका, मानव तस्करीबाट बच्ने उपाय, पीडितहरूले न्यायका लागि उजुरी तथा कानुनी कारबाहीमा अपनाउनुपर्ने तरिका, नेपाल तथा ओमानमा सामाजिक सुरक्षामा आबद्ध हुने तरिकाको विषयमा पनि जानकारी दिइएको दूतावासले उल्लेख गरेको छ । यस्तै सामाजिक सञ्जालको प्रयोग र ओमानमा यससम्बन्धी कानुनी व्यवस्था, राहदानी तथा कन्सुलर सेवासम्बन्धी विषयहरूका बारेमा पनि कार्यक्रममा सहभागीहरूले जान्ने मौका पाएका थिए । उक्त कार्यक्रममा १४० जना कामदारले सक्रियतापूर्वक सहभागिता जनाएको दूतावासले जनाएको छ ।

## इकामा नभएका कामदार खोज्दै दूतावास

**काठमाडौं (प्रस)–** साउदी अरेबियास्थित नेपाली दूतावासले त्यहाँ कार्यरत हुरुब लागेका, इकामा नभएका वा जरिवानामा परेका नेपाली कामदारहरूको सूची संकलन गर्ने भएको छ । दूतावासले बिहीबार एक सूचना जारी गर्दै उल्लिखित अवस्थाका कामदारहरूको सूची संकलन कार्य भइरहेको भन्दै यथाशीघ्र आफ्नो विवरण अपडेट गराउन आग्रह गरेको छ ।

दूतावासले इकामा (बस्ने) म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेको तर कार्यरत कम्पनी वा मालिकले इकामा नवीकरण नगरी समस्यामा परेका नेपाली कामदारलाई तत्कालै दूतावासको वेबसाइटमा आफ्नो विवरण समावेश गर्न अनुरोध गरेको छ । त्यस्तै रोजगारीमा आएको तीन महिना कटिसक्दा पनि इकामा नबनाइएका, हुरूब (कम्पनी छाडेका) लागेका, कार्यरत कम्पनी वा मालिकले जरिवाना लगाएका अथवा कुनै मुद्दामा जरिवाना लागेका नेपाली कामदारले पनि यथाशीघ्र दूतावासको वेबसाइटमा आफ्नो विवरण अपडेट गराउनुपर्नेछ ।

उल्लिखित समस्यामा परेका कामदारबाहेक अरुले विवरण भर्नु नपर्ने दूतावासले प्रस्ट पारेको छ । रोजगारीका लागि साउदी पुगेका थुप्रै नेपालीहरू विविध कारणले अलपत्र पर्ने, इकामा नपाउने, हुरुब लाग्ने र जरिवानामा पर्ने समस्या बढेका कारण उनीहरूको विवरण संकलन गर्न लागिएको दूतावासले जनाएको । साथै, नेपाल सरकारले त्यस्ता कामदारहरूको दूतावासमार्फत सम्पूर्ण प्रक्रिया पूरा गरी स्वदेश फर्काउने कार्य गरिरहेको छ । चालु आर्थिक बर्षको सात महिनामा हुरुब लागेका र इकामा नभएका झण्डै एक हजार ५०० कामदारले साउदीबाट एक्जिट भिसा पाएको दूतावासले जनाएको छ ।




(बाँकी पृष्ठ २ मा)

# थप ५ स्थानबाट राष्ट्रिय परिचयपत्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय परिचयपत्रको आवेदन र वितरणको काममा ढिलासुस्ती भइरहेको भन्दै आलोचना भएपछि सरकारले काठमाडौंमा थप पाँच स्थान तोकेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालको चासोपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले थप नयाँ केन्द्र स्थापना गरी आवेदन प्रक्रियालाई सहज बनाएको हो।

विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौं र ललितपुरका अलावा नारायणहिटी दरबार परिसर, राष्ट्रिय सभागृह, विभागकै परिसरमा आवेदन दिन सकिनेछ। विभागका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बागमती प्रदेशका ललितपुर र भक्तपुरबाहेकका सबै जिल्ला तथा मधेस प्रदेशका पर्सा र धनुषाका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था गरिएको छ। यस्तै, जिल्ला प्रशासन कार्यालय लतिपुरमा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका सबै जिल्ला र मधेस प्रदेशका सप्तरी, सर्लाहीका जिल्लाका सेवाग्राहीले आवेदन दिन सक्ने छन्।

त्यस्तै, नारायणहिटी दरबार परिसरमा कोसी, लुम्बिनी र गण्डकी प्रदेशका सबै जिल्ला र मधेस प्रदेशका सिरहा, महोत्तरी, बारा र रौतटहका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था मिलाइएको महानिर्देशक पण्डितले जानकारी दिए। यस्तै विभाग परिसरमा नेपाल सरकार तथा मातहतका कर्मचारी, पूर्वकर्मचारी तथा विशिष्ट पदाधिकारीले आवेदन दिन सक्ने छन्। त्यस्तै, राष्ट्रिय सभा गृह प्रदर्शनीमार्गमा राष्ट्रसेवक कर्मचारीका परिवारले आवेदन दिन सक्ने छन्। हाल देशैभरिका ७७ वटै जिल्ला प्रशासन कार्यालय र ४२ वटा इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको आवेदन दिन सकिन्छ। परिचयपत्रको विवरण प्रविष्ट गर्नका लागि नागरिकताको प्रमाणपत्र, बसाइँसराइ गरी आएकाको हकमा बसाइँसराइको सक्कल प्रमाणपत्र, विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्रको सक्कल र कर्मचारी भए कार्यालयको सिफारिस र पूर्वकर्मचारी भए पेन्सनपट्टा आवश्यक पर्नेछ।

# 'अब वर्षाको समयमा पनि फोहोर व्यवस्थापन सहज'

**काठमाडौं–** विगतका वर्षमाभैंं यस वर्ष वर्षाको समयमा उपत्यकाको फोहोर व्यवस्थापनमा समस्या नहुनेगरी काम अघि बढाइएको छ। हरेक वर्ष बर्सात् सुरु भएसँगै काठमाडौं उपत्यकाको फोहोर महिनौं सडकमा नै थुप्रिँदा समस्या हुने गरेको थियो। विगतका वर्षमाभैंं समस्या नहोस् भनेर यस वर्ष कामपाले सिसडोलदेखि बञ्चरेडाँडासम्मको करिब दुई किलोमिटर सडक मर्मतका लागि प्रक्रिया अघि बढाइसकेको काठमाडौं महानगरपालिको वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठले जानकारी दिए।

उनका अनुसार उक्त सडक मर्मतका लागि यही फागुन १० गते ठेक्का आह्वान गरिएको छ। कामपाले सूचना जारी गर्दै करबाहेक एक करोड ७४ लाख ७५ हजार रूपैयाँ अनुमानित बजेटको ठेक्का आह्वान गरेको हो।

प्रमुख श्रेष्ठले भने, 'हरेक वर्ष विगतमा उपत्यकाको फोहोर विसर्जन गरिएको स्थान सिसडोलदेखि हाल फोहोरको अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म वर्षाको समयमा फोहोर बोकेर जाने गाडीलाई बाटोकै कारण समस्या हुने गरेको भन्दै मर्मतको कामका लागि अहिले नै ठेक्का खोलिएको हो।'

वर्षा सुरु हुनुपूर्व नै उक्त सडक मर्मतको काम सकिने पनि विभागले जनाएको छ। विगत १६ वर्षदेखि उपत्यकाको फोहोर व्यवस्थापन गरिएको स्थान सिसडोलमा अहिले पनि फोहोरको पहाड छ। उक्त पहाड पार गरी फोहोरको गाडी बञ्चरेडाँडा जानुपर्ने बाध्यता छ। नियमित पानी पर्न थाले पनि सिसडोलको फोहोर कुहिने गर्छ, वर्षाको समयमा विशेषगरी सिसडोलको फोहोरमाथि बनेको सडकमा गाडी फस्ने गर्छन्।

पानी पर्नेबित्तिकै उक्त फोहोरमाथि बनेको सडकमा पहिरो आउने, सडकको छेउबाट पहिरो जाने, गाडी फसेर समस्या हुने गरेकाले त्यसको बेलैमा समाधान गरी आगामी दिनमा पानी पर्दा पनि नियमितरूपमा फोहोर व्यवस्थापन गर्न सहज होस् भनेर अहिले नै प्रक्रिया अघि बढाइएको कामपाको भनाइ छ।

विगत सात महिनादेखि काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहोर अन्तिम विसर्जन स्थल बञ्चरेडाँडामा लाने गरिएको छ। सुरुमा स्रोतमा नै फोहोरको वर्गीकरण गरेर मात्रै नकुहिने फोहोर बञ्चरेडाँडा लाने र अन्य कुहिने फोहोरलाई उपत्यकामा नै व्यवस्थापन गर्ने भने पनि अहिलेसम्म सबै फोहोर विनावर्गीकरण उक्त स्थानमा लैजाने गरिएको छ। जसका कारण उक्त स्थानमा लामो समयसम्म फोहोर राख्न सकिने विषयमा भने शंका उब्जिएको छ। छोटो समयमा नै धेरै फोहोर व्यवस्थापन गर्नुपर्दा बञ्चरेडाँडामा लिचड व्यवस्थापनमा पनि समस्या भएको कामपाले नै स्वीकार गरेको छ। *रासस*

## भोट माग्न...

पृष्ठ १ बाट जारी

मत दिन अनुरोध गरेका थिए। यसरी अध्यक्ष ओलीले नेपाललाई चिठी पठाएको पाँचौं दिन नेम्बाङ आफैं मत माग्न पुगेका हुन्।

एकीकृत समाजवादीसँग दुई हजार ५७४ मतभार छ। यो मतभार पाएको अवस्थामा नेम्बाङलाई केही राहत मिल्नेछ। तर, पौडेललाई मत दिने यो दलले यसअघि नै निर्णय गरिसकेको हुँदा नेम्बाङले मत पाउने सम्भावना देखिँदैन।

नेपालसँग भेट गरेकै दिन नेम्बाङ नेतृत्वको प्रतिनिधिमण्डलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई भेटचो। लामिछानेसँग पनि राष्ट्रपति निर्वाचनमा सहयोगको याचना नेम्बाङले गरे। नेम्बाङको आग्रहलाई लामिछानेलाई सकारात्मकरूपमा लिएको बुझिएको सचिव योगेश भट्टराईले सञ्चारकर्मीहरूलाई बताए।

'सुवासचन्द्र नेम्बाङजत्तिको मान्छे मुलुकले कम नै पाउँछ, यो एउटा मौका हो भन्ने कुरा लामिछानेजीले गर्नुभयो। पार्टीको आन्तरिक छलफलबाट निर्णय गर्छु भन्नुभएको छ,' भट्टराईले भने, 'उहाँको भनाइ र बडी ल्याङ्गवेजबाट हामी बुझ्छौं कि राष्ट्रपतिमा रास्वपाको मत हामीलाई आउँछ।'

रास्वपासँग एक हजार ५०१ मतभार छ। पार्टी महामन्त्री मुकुल ढकालले भेटमा नेम्बाङ नेतृत्वको एमाले प्रतिनिधिमण्डलले राष्ट्रपतिमा आफूलाई सहयोग गर्न आग्रह गरेको र आफूहरूले पार्टी बैठकपछि निर्णय लिने जानकारी गराएको बताए। रास्वपा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारको समर्थक हो। सरकारबाट भने बाहिरिसकेको छ। राष्ट्रपति निर्वाचनमा कुन उम्मेदवारलाई समर्थन गर्ने भन्ने टुंगो लगाएको छैन।

राजनीतिक वृत्तमा भने यो दलले दुवै उम्मेदवारलाई मतदान नगर्न सक्ने पनि टिप्पणी हुन थालेको छ। कारण, यो दलले संघीयताअनुसारको प्रदेश संरचनालाई गत निर्वाचनमा बहिष्कार गर्‍यो। सोहीअनुसार राष्ट्रपति संस्थालाई पनि अस्वीकार गर्न सक्ने ठानिएको छ। यसबारे थप प्रस्टिन भने रास्वपाको बैठकले गर्ने निर्णयलाई कुर्नुपर्नेछ।

यसरी राष्ट्रपतिमा कसलाई मत दिने भन्ने विषयमा अनिर्णित रास्वपासँगै नेम्बाङले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनसँग पनि भेट गरे। भेटमा नेम्बाङले लिङ्देनसँग राष्ट्रपतिमा मत मागे। तर, लिङ्देनको दल भने राष्ट्रपति नभई राष्ट्रप्रमुख राजा हुनुपर्ने एजेण्डा बोकेको दल हो।

यसअघि १२ फागुनमै यो दलले राष्ट्रपतिका उम्मेदवारको प्रस्तावक र समर्थक दुवै नबस्ने निर्णय नै गर्‍यो। यद्यपि, निर्वाचनमा मतदान गर्ने कि नगर्ने भन्ने निर्णय नगरेको अवस्थामा नेम्बाङले लिङ्देनलाई भेटेका हुन्।

भेटको क्रममा लिङ्देनले नेम्बाङप्रति सद्भावपूर्ण धारणा राखेको एमाले नेतृ विद्या भट्टराईले बताइन्। राप्रपा नेता डा. प्रकाशचन्द्र लोहनीले पनि नेम्बाङ नेतृत्वको प्रतिनिधिमण्डलले मत मागेको र सौहार्द्रपूर्ण ढंगले छलफल भएको बताए। उनका अनुसार २४ फागुनमा बस्ने पार्टीको बैठकले कसलाई मतदान गर्ने कि नगर्ने भन्ने टुंगो लगाउनेछ।

राप्रपामा राष्ट्रपति निर्वाचनमा सहभागी हुन नहुने पक्ष बलियो छ। वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, पशुपतिशमशेर जबरालगायत उक्त पक्षमा छन्। यसले गर्दा राष्ट्रपति निर्वाचनबारे रास्वपाजसरी यो दल पनि अनिर्णित रहेको हो। राप्रपासँग दुई हजार ४५० मतभार छ।

## पौडेल...

पृष्ठ १ बाट जारी

गर्दै पूर्वसभामुख पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि त्यस्तो गुनासो नआउने विश्वास व्यक्त गरे।

राष्ट्रपति पदका उम्मेदवार पौडेलले अहिलेको संविधानको व्यवस्थाका लागि आफूले छ दशक बढी समय अथक प्रयास गरेको र संविधानको शब्द र भावसँग आफू पूर्ण परिचित भएको बताउँदै राष्ट्रपतिको जिम्मेवारीमा आएपछि संविधानमा कुनै तलमाथि हुन नदिने प्रण गरे।

कार्यक्रममा लोकतान्त्रिक समाजावादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, जनता समाजवादी पार्टी नेपालको संघीय परिषद्का अध्यक्ष अशोककुमार राई, नेता राजेन्द्र श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेल, खानेपानीमन्त्री एवं जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानलगायतले सम्बोधन गर्दै आफ्नो पार्टीले राष्ट्रपतिमा पौडेललाई मतदान गरी विजयी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।


श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
गैडाकोट, नवलपरासीको
संस्थापक शेयरधनीहरुलाई सूचना

यस कम्पनीको संस्थापक शेयरधनी इन्टरनेशनल म्याच कम्पनी लिमिटेड, बर्मुडा (विदेशी लगानीकर्ता) को नाममा रहेको रू.१००।- दरका १०,००,००० थान साधारण शेयर कम्पनीसंग सम्बन्धित सम्पूर्ण दायित्व शेयर खरिदकर्ताले नै निशर्त रुपमा व्यहोर्ने गरी हकहस्तान्तरण/नामसारी गरी दिने व्यहोरा अवगत गराएकोले इच्छुक संस्थापक शेयरधनीहरुले आफुले लिन चाहेको शेयर संख्या र मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा आफ्नो सम्पूर्ण विवरण सहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव



### राहदानी हरायो

मिति २०७९/०२/१० गते गोंगबुदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : **बुद्धिमान फगामे**
राहदानी नं : **०५६०००७३**
ठेगाना: **मालिका गा.पा.७, म्याग्दी**
फोन नं : **९८४३६०४५३५**



### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/१९**

यस जनजागृति सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको **जामुन जातको ए ग्रेडको गोलिया थान २ को ५३.३५ घ.फि., जंगली सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ६ को ५३.८२ घ.फि., बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान १३ को ५९.५९ घ.फि. र खयर जातको गोलिया थान २३४ को ३३१.१६ घ.फि. गोलिया काठ तथा सिसौ र जामुन जातको मिश्रीत ०.५० चट्टा दाउरा** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण ब्यहोराको सूचना यस समूहको सुचना पाटीमा टांस गरिएको छ।

**श्री जनजागृति सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–२ कोठियागाँउ बर्दिया**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५७/०७/१७ मा दर्ता भएको **प्रा.लि. नं. १४१८१** को **अर्थ ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/२९ मा दर्ता भएको प्रा.लि. नं. २५५६६२ को सेती गण्डकी सप्लायर्स प्रा.लि. को मिति २०७९/११/१८ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३**, ईमेल : rokayasherbahadur723@gmail.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/२१ मा दर्ता भएको प्रा.लि. नं. २७००८९५ को पिक फिक्टीन कयापिप्ल प्रा.लि. को मिति २०७९/०९/१४ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३**, ईमेल : rokayasherbahadur723@gmail.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. ११६२७३** को **पी.ई.एफ. एजुकेशन सेन्टर प्रा.लि.** को मिति २०७९/११/१८ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/०५ मा दर्ता भएको **प्रा.लि. नं. १६८५१३** को **ए. सिस्टम प्रा.लि.** को मिति २०७९/११/१८ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **APPAREL TRADING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ LT. No. 274683 चलानी नं. ६०१९०३२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 21 | 0 | 1200 | ४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/१९**

यस गौरी महिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको **खयर जातको गोलिया थान १२७ को १६३.४१ घ.फि., बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ५५ को २५७.७१ घ.फि., सागवान जातको गोलिया थान १० को ३१.३३ घ.फि., कर्मा जातको बिभिन्न ग्रेडको गोलिया थान १३ को ११४.६२ घ.फि. र जामुन जातको बिभिन्न ग्रेडको गोलिया थान १४ को २२४.३९ घ.फि. गोलिया काठ तथा सिसौ, सागवान लगायत जातको मिश्रीत १.०० चट्टा दाउरा** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण ब्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ।

**श्री गौरी महिला सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–३ खाता बर्दिया**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२४ मा दर्ता भएको **प्रा.लि. नं. १९५४९८** को **इक्लास सोलुसन्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १६४/०७३/०७४ यस **Paliv International Pvt. ltd.** मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७दिने सूचना प्रकाशन गरिएको छ।निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ।

| S.NO | NAME | POSITION | ADDRESS |
|---|---|---|---|
| 1 | Pema Yangji Sherpa | Document Controller | Solukhumbu |
| 2 | Lhamu Sherpa | Documentation | Ramechhap |
| 3 | Prajina Gurung | Document Controller Assistant | Chitwan |
| 4 | Ishwori Pahari | Receptionist | Bhaktapur |
| 5 | Pasang Phuti Sherpa | Accountant | Solukhumbu |

**Paliv International Pvt. Ltd.**
श्रम ईजाजत नं. १६४/०७३/०७४
G.P.O Box 19936, Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal
Tel : +977-1-4518268, 4518716, 5911470
E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com



### कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JING MENT LADIES BEAUTY SALON.**

पूर्व स्वीकृति मिति: २०७८/०८/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ LT. No. 251134 चलानी नं. ६०१६८११९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 5 | 150 | ६४,६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 0 | 4 | 100 | ४३,०७० | | | | | | | |
| 3 | Hair Dresser | 0 | 5 | 150 | ६४,६०५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**

पूर्व स्वीकृति मिति: २०७९/१०/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ LT. No. 280627 चलानी नं. ६०१९६१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 2100 | ७६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४३,७१० | | | | | | | |
| 3 | Foreman | 4 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 4 | General Clean Worker | 5 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९१,०६० | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९१,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



### CYPRUSमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SL RECRUITMENT SERVICES**

पूर्व स्वीकृति मिति २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१८ LT. No. :277280 चलानी नं.६०१९२८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 13 | 315 | ४४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GUAR BAN HENG LEONG SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति: २०७९/११/१६ LT. No. 279087 चलानी नं. ६०१९४६४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ फागुन २३ गते (7th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



**प्रदेश नामाकरणको खुसियाली**

प्रदेश १ को नाम बुधबार कोशी प्रदेश राखिएको खुसियालीमा बिहीबार साँझ मोरङको उर्लाबारी–३ मंगलबारेमा दीप प्रज्ज्वलन गर्दै युवाहरू ।

*तस्बिरः कुमार खड्का/रासस*

### जलवायु परिवर्तनको असर

# वर्षा र सुख्खा यामको दूरी बढ्दै

**कञ्चनपुर–** कञ्चनपुरमा यस वर्ष कात्तिक महिनामै हुस्सु लाग्यो । आँपमा पुस महिनामै फूल फुल्यो । आँपको फूलमा अघिल्ला वर्षका तुलनामा रोगकिराको समस्या अत्यधिक देखियो । यी सबै कार्य जलावायुमा परिवर्तनका कारण भएका जनाइएको छ । जिल्ला वन समन्वय समिति कञ्चनपुरका सहसचिव पुनाराम चौधरी प्राकृतिक सम्पदाको अत्यधिक दोहन, वन विनास, खेती प्रणालीमा गरिएको परिवर्तन, द्रुत सहरीकरणसँगै प्रदूषणको कारणले जलवायु परिवर्नन आएको बताउँछन् ।

'जलवायु परिवर्तनले बाली चक्रको पात्रोमै परिवर्तन गरिदिँदा हुस्सु मंसिर महिनाको अन्तिम र माघ महिनामा लाग्दथ्यो,' उनले भने, 'कात्तिक महिनामै हुस्सु लाग्न थालेको छ, आँपमा फागुन, चैत महिनामा फूल लाग्ने गरेकोमा पुस महिनामै फूल लाग्न थालेको छ ।' ढिलो गरी अत्यधिक वर्षा हुनु, हिउँदमा समयअघि नै चिसो बढ्नु, वनजंगल क्षेत्रमा मिचाहा प्रजातिका बिरुवा प्रशस्तरूपमा देखिनु, पशुमा नयाँ रोग देखापर्नु जलवायु परिवर्तनको असर भएको उनले बताए । 'वर्षा र सुख्खा यामको दूरी बढ्दै गइरहेको छ,' उनले भने, 'जसले गर्दा विगतको तुलनामा तापक्रम बढ्दो छ ।'

उनका अनुसार खेतबारीमा पहिला झारपातको धेरै समस्या हुने गरेको थिएन । हाल झारपातसँगै नयाँ रोग देखिन थालेका छन्, जति विषादीको प्रयोग गरे पनि रोग कीरा नियन्त्रण गर्न गाह्रो भएको छ । धानमा बाला नलाग्ने समस्या बल्झिँदै गएको छ । तापक्रम बढ्दै जाँदा बालीनालीको उत्पादन प्रभावित भएको उनको भनाइ छ । यस कार्यले खाद्यान्न संकट निम्त्याउन सक्ने उनले उल्लेख गरे । 'वर्षा हुने क्रममा आएको परिवर्तन चुनौतीका रूपमा रहेको छ,' महाकाली सामुदायिक वनका अध्यक्ष वीरबहादुर राजवंशीले भने, 'वर्षात्का दिन घट्दै जान थालेका छन्, औसत वर्षा कम हुने गरेको छ, एकैपटक धेरै वर्षा हुँदा बाढी, भूक्षय र डुबानको समस्या केही वर्षदेखि जटिलरूपमा देखिन थालेको छ ।' अप्रत्यासितरूपमा हुने वर्षाले बर्सेनि धनजनको क्षतिलाई बढाउँदै लगेको उनले बताए । वन क्षेत्रमा पहिला देखिने गरेका रैथाने प्रजातिका केही बिरुवा अहिले देखा नपर्ने गरेको उनले बताए ।

उनका अनुसार वन क्षेत्रमा पहिला प्रशस्तरूपमा पाइने सानुन, विजयसाल लोपोन्मुख अवस्थामा पुगेको छ । हर्रो, बर्रोदेखि नै छाडेको छ । वन क्षेत्रमा प्रशस्त रूपमा देखिने जनावर देखिन छाडेका छन् । वन्यजन्तुको वासस्थानमा फेदरबदल भएको छ । डिभिजन वन कार्यालय कञ्चनपुरका सूचना अधिकारी शिवराज अवस्थी तराईमा तापक्रममा वृद्धि हुँदै जाँदा जीवजन्तुले वासस्थान सार्न थालेको बताउँछन् ।

'उष्ण हावापानीमा पाइने जनावर अहिले चुरे क्षेत्र र महाभारत क्षेत्रमा पाइन थालेका छन्,' उनले भने, 'पाटे बाघ महाभारत क्षेत्रमा देखिनु यसको उदाहरण हो ।' तराईमा पाइने बिरुवा अहिले चुरे क्षेत्रमाथि देखिन थालेको उनले बताए । जलवायुको असर कम गर्न वन क्षेत्र जोगाउने, प्रदूषण कम हुने किसिमका उद्योगधन्दालाई प्रोत्साहित गर्ने, वातावरणमैत्री ऊर्जा र सवारीसाधनको प्रयोगमा जोड दिने, वनमा लाग्ने डढेलो कम गर्नका लागि प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने उनले बताए ।

जिल्ला वन समन्वय समिति कञ्चनपुरका सहसचिव चौधरी पराल जलाउने कार्य रोक्ने, नदीजन्य पदार्थको व्यवस्थितरूपमा प्रयोग गर्ने, वैकल्पिक ऊर्जाको प्रयोगमा जोड दिने, दाउराको खपत कम गर्ने, प्लास्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्न सके वातावरणलाई सन्तुलित राख्न सकिने बताउँछन् । जमिनमुनिको पानीको सतह घट्दै गएको छ । हिउँदै वर्षा हुने क्रममा कमी आउन थालेको छ । जसले गर्दा प्राकृतिक स्रोतमा आश्रित समुदाय र सीमान्तकृत समुदायलाई यसले नराम्ररी असर गरेको छ । 'मानव स्वास्थ्यमा जलवायु परिवर्तनको अवसर देखिन थालेको छ,' शुक्लाफाँटा नगरपालिका स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले भने, 'स्वास्थ्यको समस्या लिएर आउने बिरामीमा श्वासप्रश्वास, छाला, बेमौसमी ज्वरोका बिरामी रहने गरेका छन्, पहिलेको तुलनामा बिरामीको संख्या बढ्दोरूपमा रहेको छ, बढ्दो प्रदूषण, खानपानमा आएको परिवर्तनले बिरामी हुने क्रमलाई बढाएको छ ।' उनी जलवायु परिवर्तनलाई चुनौती मात्रै नभएर भविष्यमा आइपर्ने खतराका रूपमा औंल्याउँछन् । *रासस*

# 'दलभित्रको शुद्धीकरणविना महिला प्रतिनिधित्व असम्भव'

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरोकारवालाहरूले समानुपातिक समावेशी प्रतिनिधित्वमा महिलाको सहभागिता बढाउन राजनीतिक दलभित्र शुद्धीकरणको आवश्यकता रहेको औंल्याएका छन् ।

बिहीबार बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे भएको छलफलमा राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभाका सांसद तथा नेताहरूले राजनीतिक दल लैंगिकमैत्री बन्नुपर्नेमा जोड दिए ।

समितिकी सभापति दिलकुमारी रावलले समानुपातिक समावेशी प्रतिनिधित्वका लागि राजनीतिक दल उत्तरदायी बन्नुपर्ने बताइन् । उनले भनिन्, 'संघीय संसद् र प्रदेशसभाबाट बनाइने कानुन संविधानमा भएको व्यवस्थाअनुसार महिलामैत्री बनाउन सांसद सचेत हुनुपर्छ ।' उनले समानुपातिक प्रतिनिधित्वमा विगतमा धेरै पटक राजनीतिक दललाई निर्वाचन प्रणाली विषयमा समितिले उत्तरदायी बनाउन छलफल भएको गरेको बताए । बैठकमा जुरी नेपालका अधिवक्ता मोहनलाल आचार्यले समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे अध्ययन प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संविधानको धारा ३८ मा टेकेर महिला अधिकारका लागि कानुन नबनेको बताए । उनले राजनीतिक दल आफैंमा लैंगिकमैत्री नहुनु मुख्य चुनौती भएको बताए । उनले ३३ प्रतिशत प्रतिनिधित्व हो वा समानुपातिक हो भन्ने विषयमा स्पष्टता नभएको बताएका थिए । नेकपा एमालेका सांसद महेश बर्तौलाले दलभित्र लैंगिकमैत्री वातवरण तयार नभएसम्म महिला नेतृत्वको सहभागिता बढ्न नसक्ने बताए । उनले भने, ' दलभित्र लैंगिकमैत्री वातावरण बन्नुपर्छ । अर्कातर्फ महिलाभित्र पनि चेपाङ, मुसहर, दलित र सीमान्तकृत समुदायको प्रतिनिधित्व हुन आवश्यक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद विनिता कठायतले महिला नेतृत्वले महिलाकै मुद्दा र जनताको मुद्दा उठाउन नसक्दा नेतृत्वप्रति विश्वास प्राप्त गर्न नसकेको बताइन् । 'महिला भएकै कारण नेता बन्ने भन्दा पनि महिला नेताहरूले आफ्नो क्षमताको विकास र जनताको मुद्दा बुझ्नतर्फ ध्यान दिन आवश्यक छ,' उनले भनिन् ।

नेकपा एमालेका सांसद सोनामगेल्जेन शेर्पाले दलीय शासनमा दल सुधार नभएसम्म महिला, आदिवासी र जनजातिका मुद्दा अघि बढ्न नसक्ने बताए । नेकपा माओवादी केन्द्रकी नेता देवी खड्काले समानुपातिक सहभागिताका लागि दलभित्र सुधार गर्न आवश्यक भएको धारणा राखिन् । उनले भनिन्, 'समस्या पार्टीभित्र छ । पार्टी शुद्धीकरण नगरेसम्म समानुपातिक सहभागितामा सुधार हुन सक्दैन ।'


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMAD AL NUWAIHED COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/१८ | LT. No. 281779 | चलानी नं. ६०१९७४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 100 | ४३,०७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason / Tile Installer | 15 | 0 | 120 | ५१,६८५ | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 120 | ५१,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Golden Gateway Internatioal P. Ltd.**

श्रम ईजाजत नं. १४४३/०७४/०७५

P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal

Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEH SALMAN SALEH AL AABID AGRICULTURAL FARM

पूर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No. 281727 | चलानी नं. ६०१९६९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursery Worker | 1 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RSHAF CAFE TO PROVIDE BEVERAGES

पूर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No. 281608 | चलानी नं. ६०१९६८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 2 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AFRAH ALI HUSSEIN AL YAMI INDUSTRAL FACTORY

पूर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No. 281607 | चलानी नं. ६०१९६८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Company Cleaning Labour | 10 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 281727/281608/281607 मितिः २०७९/११/१७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERUNI CERAMICHE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१८ | LT. No. 281912 | चलानी नं. ६०१९७२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०७/०३ गते निम्न विवरणको Pulsar 220 cc Model को रातो, कालो रङको पल्सर मोटरसाइकल ताकेश्वर गुम्बाको घर अगाडि पार्किङ गरिराखेको अवस्थामा रातको करिब ११:०० बजेको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम :हेम बहादुर लामा**
**बाइक नं.: बा.प्र -०२-०२९ प १८४५**
**च्यासिस नं.:** NOMD2A13EX7MCB8450
**इन्जिन नं. :** NODKXCMB 79637
**ठेगानाः नमोबुद्ध-३**
**मो. :** 9849347726

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/११/१५ गते निम्न विवरणको Pulsar 200 NS ABS Model को खैरो रङको मोटरसाइकल ढोलाहिटी-२६, ललितपुरबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम : धिरज पाटा मगर**
**बाइक नं.: बा.प्र -०२-०३९ प ४०२५**
**च्यासिस नं.:** MD2A36FX7MCH 97383
**इन्जिन नं. :** JLXCMH24852
**ठेगानाः ढोलाहिटी-२६, ललितपुर**
**मो. :** 9765684657


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MABDE TRADING (L.L.C)

पूर्व स्वीकृति मितिः २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ | LT. No. 271547 | चलानी नं. ६०१८७३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeper | 0 | 20 | 1000 | ३४,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Cleaner | 15 | 30 | 1000 | ३४,६०० | | | | | | | |
| 3 | Ticket Collector | 25 | 25 | 1300 | ४४,९८० | | | | | | | |
| 4 | Visitors Guide | 25 | 40 | 1300 | ४४,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल

### निर्माण कार्यको बोलपत्र स्वीकृत गर्ने बारे आशयको सूचना

सूचना प्रकाशित मितिः २०७९/११/१९

यस फाल्गुनन्द गाउँपालिकाको मिति २०७९/०९/२८ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्माण कार्यको रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई निम्न ठेक्का नं. तथा कार्यको लागि तपसिल बमोजिमको बोलपत्र स्वीकृतीका लागि छनौट गर्न मूल्यांकन समितिबाट सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराईन्छ ।

**तपशिलः**

| क्र.स | ठेक्का नं. | कार्यको विवरण | मु.अ.कर सहितको कबोल अंक रु. | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | PRMW/NCB/05/2079/80 | *Upgrading of Gelibhanjyang Chilingdin Phaktep Angsarang Mehelbote Khanda Roadway Works.* | रु.२२६३४१४।५० | श्री गौडेनी निर्माण सेवा फाल्गुनन्द ५, पाँचथर |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

सम्पादकीय

## पहिचानको एजेण्डाबाट विमुख माओवादी

पिछडिएको वर्ग, जाति, समुदायको मुद्दालाई लिएर सशस्त्र विद्रोह (जनयुद्ध) सुरु गरेको तत्कालीन नेकपा माओवादी (हाल नेकपा माओवादी केन्द्र)ले त्यतिखेर जनताको मन जित्यो। माओवादीको उक्त एजेण्डालाई साथ दिँदै जनयुद्धमा होमिनेमा ती समुदायकै मानिसहरू बढी थिए, सायद सहिद हुनेमा पनि। १० वर्ष चलेको उक्त सशस्त्र विद्रोहले त्यो उचाइमा पुग्ने आधार त्यही थियो। तर, अहिले माओवादी संसदीय प्रक्रियामा प्रवेश गरी यहाँसम्म आइपुग्दा आफ्ना एजेण्डाहरूबाट विमुख हुँदै गएको छ। यसको पछिल्लो प्रमाण बनेको छ- बुधबार प्रदेश १ को नामाकरणका क्रममा 'कोशी' प्रदेशमा समर्थन जनाउनु।

पहिचानसहितको संघीयताको नारा उठाएर कुनैबेला संसद्को सबैभन्दा ठूलो दल बनेको माओवादीले पटक-पटक सरकारको नेतृत्व गर्‍यो। अहिले पनि सोही पार्टी नेतृत्वको सरकार छ। जनयुद्धका कमाण्डर पुष्पकमल दाहाल प्रधानमन्त्री छन्। यही बेला प्रदेश १ को नामाकरण हुँदा माओवादीले आफ्नो एजेण्डामा आत्मसमर्पण गरेको छ। पहिचानसहितको नाम हुनुपर्ने अडानबाट पछि हटेको छ।

त्यसो त नेपालमा गणतन्त्र र संघीयता ल्याउनमा माओवादीको भूमिका अग्रणी रहेको कुरामा दुई मत छैन। तर, सत्तामा पुगेपछि उसले आफ्नै मुद्दालाई क्रमशः विलिन बनाइदिएको छ। प्रदेश १ को नामाकरण कोशी भएसँगै सातै प्रदेशको नामाकरण त भयो तर माओवादीले सरकारको नेतृत्व हाँकिरहेका बेला एउटा प्रदेश पनि पहिचानको नामबाट (मधेस प्रदेश भौगोलिक पहिचानको आधारमा बाहेक) ल्याउन सकेन।

यसले नै प्रस्ट देखाउँछ- माओवादीले सत्तामा पुग्ने भर्‍याङको रूपमा पहिचानको मुद्दालाई अगाडि सारेको थियो। यो मुद्दालाई अगाडि सारेर नागरिकहरूलाई लडाउने काममात्र भयो भन्दा फरक नपर्ला। त्यतिबेला माओवादीले आफ्नो स्वार्थसिद्ध गर्नका लागि पश्चिम तराईमा थरुहट होस् वा पूर्वमा लिम्बुवान खिम्वुवान्सम्मका पहिचानवादी चर्को नारा उठाएरै आजको अवस्थामा आइपुगेको हो। तर, माओवादी अध्यक्ष दाहालले आफूले जुन पहिचानसहितको संघीयतालाई लिएर अगाडि बढेका थिए, देशको शासनसत्ता सम्हालिरहँदा ती सबै चटक्कै बिर्सिदिए। उनलाई यतिबेला सत्तामा कसरी टिक्ने भन्ने नै प्रमुख विषय बनेको हो कि !

मुलुकले सातवटा प्रदेशको नामाकरण गरिसकेको अवस्थामा पहिचानसहितको प्रदेश ल्याउन नसक्नु माओवादीका लागि सबैभन्दा ठूलो घाटा हो। माओवादी नेतृत्व सत्ताका लागि सदावहार नाइके हुँदै होइन। एमाले र कांग्रेसको द्वन्द्वको फाइदा मात्र उठाएको हो। अरुको झगडाबाट फाइदा लिने माओवादीले भविष्यमा जनताबाट तिरष्कृत हुनुपर्ने स्पष्ट रेखा कोरिसकेको छ। जसले आफ्नो अडान, नीति, सिद्धान्त र विचारलाई सत्ताका लागि तिलाञ्जली दिन सक्छ ऊसँग जनताले कसरी विश्वास गर्ने ? यो गम्भीर प्रश्न माओवादीका लागि आगामी यात्रामा चुनौती बन्ने निश्चित छ। संसदीय अंकगणित 'कोशी' नामकै पक्षमा भए पनि कम्तीमा आफ्नो एजेण्डामा अडिग बसेको भए माओवादीका आस्थावान् जनसमुदायको विश्वास कायमै रहने थियो। त्यो अवसर माओवादीले गुमाएको छ। त्यो अब उसैका लागि भारी पर्नेछ।

# सिंहदरबार वैद्यखानाभन्दा पुरानो तिलिंगा औषधालय



▶▶ पदम श्रेष्ठ

हिमाली जाडो परिवेशमा नुहाए निमोनिया लाग्छ तर तराईको गर्मीमा ननुहाए रोग लाग्छ। यो पञ्चतत्त्वले बनेको शरीरमा ब्राह्मण, क्षत्री, वैश्य, शूद्र जातीय कर्म र खान्की रहनसहनका आधारमा पनि छुट्टाछुट्टै रोग लाग्दछ। त्यसैले देश, काल, परिस्थितिअनुसार उपचार विधि पनि अपनाउनुपर्दछ भन्छन् तिलिंगा आयुर्वेदिक औषधालयका प्रमुख बासुकृष्ण वैद्य।

पञ्चतत्त्व अर्थात् जल (पानी), तेज (सूर्य), पृथ्वी (माटो), वायु (हावा), आकाश (शून्य)बाट यो हाम्रो भौतिक शरीर निर्माण भएको हुन्छ। यही पञ्चतत्त्वको शरीरभित्र प्राणीले कफ, बाथ, पित्तको रोग लिएर जन्मिएका हुन्छन्। त्यो त्रिदोषभित्र एक वा दुईवटा दोष भएमा रोग लाग्छ तर नाडीमा त्रिदोष देखायो भने त्यो प्राणीको अन्त्य निश्चित हुने दाबी गर्छन् लामुलु वैद्यकोरूपमासमेत चिनिने बासुकृष्ण।

नेपालमा स्थापित सिंहदबार वैद्यखाना, नरदेवी आयुर्वेदिक अस्पतालभन्दा प्राचीन मल्लकालमा पाटन राजदरबारमा स्थापित वैद्यखाना भएकोले आफ्नो वंशजलाई लामुलु वैद्य अर्थात् राजदरबारका वैद्य भनिएको उनको भनाइ छ। इतिहासविद् महेशराज पन्तले 'पूर्णिमा' पुस्तकमा 'नेपाल सम्वत् ६३७ देखि ८८५ सम्म पाटनको सौगलमा मल्लकालीन राजाको मूल वैद्य लामुलु वैद्य' भनी उल्लेख गरेको उनले बताए। तर, कहिलेदेखि यी वंशजले काठमाडौंमा आफ्नो सेवा थालनी गरे भन्ने तथ्यांक फेला नपरे पनि लामुलु वंशज प्रशासनविद् गोरक्षबहादुर न्हुछें प्रधानले आफ्नो वंशजबारे उल्लेख गर्ने क्रममा लेखेका छन्। पाटनबाट असन केलटोलस्थित नेपालको प्रथम सिसा जोडेको तिलिंगा घरमा आफ्नो वंशजलाई आयुर्वेदिक औषधालय वि.सं. १८३२ मा राजा प्रतापसिंह शाहको पालामा राख्न दिएको हो। अभिमानसिंह बस्नेतकै तिलिंगा घरमा आफ्नो वंशजलाई किन आयुर्वेदिक औषधालय खोल्न दिइएको आफैंलाई थाहा नभएको तिलिंगा औषधालय प्रमुख बासुकृष्ण वैद्यले उल्लेख गरे। यो उपचार विधिलाई 'धन्वन्तरी चिकित्सक वा व्याघ्री चिकित्सक' पनि भन्ने गरेको उनी बताउँछन्।

उनका अनुसार काठमाडौं उपत्यकामा तीनथरी वैद्यहरू छन् :

**१) व्याघ्री वैद्य**

बाघको घाँटीमा हड्डी अड्किँदा उपचार गरिदिएकाको वंशज जो हाल पशु चिकित्सकका रूपमा पहिचान बनाएर रहेका पाइन्छन्।

**२) नाग वैद्य**

रातो मच्छिन्द्रनाथकी रानीलाई आँखा दुःख्दा निको बनाइदिने ज्यापु वैद्य।

**३) ग्वलः वैद्य**

लंकाका राजा रावण गोकर्णमा तपस्या बस्दा बिरामी भएपछि बेसारको ओखती बनाएर खुवाई निको बनाइदिने पाशुपत क्षेत्रका वैद्य।

आफ्नो वंशज बाघ वैद्यका वंशज भए पनि मानव वंशजकै उपचारमा संलग्न रहेको बासुकृष्ण बताउँछन्। वैद्यको सात्त्विक अर्थ आयुर्वेदको आधारमा उपचार गर्ने चिकित्सक हुन्। परम्परागत आधारमा अध्ययन र पारिवारिकरूपले औषधि उत्पादन गर्ने वैद्य वंशजमा हजारौं वर्षदेखिको अनुभवी रहेका छन्। राज्यले ती परम्परागत औषधिलाई व्यवस्थित र व्यावसायिक बनाउँदै लैजान सके औषधिकै लागि विदेश गइरहेको अर्बौं रूपैयाँ रोकिनुका साथै अनावश्यक केमिकलयुक्त औषधिको प्रयोग कम गर्न सकिन्थ्यो। वैद्य औषधिहरू विशुद्ध



तस्बिर सौजन्य: अनलाइनखबर

वातावरणसँग समायोजन गरी प्रयोग गरिन्छ। उदाहरणका लागि :

- बाथले हावा (वायु) दोष देखाउँछ।
- पित्तले सूर्य (ताप) गर्मी।
- कफले पृथ्वी माटोको प्रतिनिधित्व गर्दछ।

प्राणीको शरीरमा जहाँ जुन पक्ष कमजोर तथा गडबडी छ, त्यही पक्षको उपचार गर्नुपर्दछ। तर, मृतकले इच्छाएको कुरा पूरा गर्न नसक्दा काँचो वायुको रूपमा हावामा तैरिरहन्छ। त्यो चाहिँ वैद्यले नभई तन्त्रले मात्र उपचार सम्भव हुने बताइन्छ। काँचो वायु हावामा नमिलेसम्म अनेक समस्या निम्त्याउँदछ भने द्रव्य विरोधी खान्कीले कफ, वाथ र वायुसम्बन्धी रोगको उत्पादन गर्दछ। द्रव्य विरोधी खान्की भन्नाले निम्नलिखित लिन सकिन्छ।

१) मासु र दही एकसाथ खानु हुँदैन, खाएमा अप्रत्यक्ष असर पुर्‍याउँछ।
२) पान, पानी कटहर एक साथ खानु हुँदैन यसले प्रत्यक्ष तत्काल असर गर्छ।
३) दही-माछा एकसाथ खानाले अप्रत्यक्ष असर पुर्‍याउँदछ।
४) रामतोरी या भण्टा-मासुले अप्रत्यक्ष असर पुर्‍याउँदछ।

नेवार समाजमा विशेषगरी जुनसुकै कर्ममा पनि अण्डा, माछा, बारा, मासु र रक्सी सगुन अनिवार्य दिइने परम्परा पाइन्छ। तर, रक्सी नखानेलाई दही दिइने गरेको पाइन्छ। वैद्यराज वासुकृष्ण भन्छन्, 'हो त्यहीँनेर द्रव्य विरोधी खाना हुन जाने गर्दछ। दहीसँग माछा मासु द्रव्य विरोधी खाना हुन्छ। किनकि, मांसाहारीमा शाकाहारी मिसाउँदा स्वास्थ्यलाई उल्टो असर गर्दछ। शाकाहारी सगुन लिने हो भने दही, केरा, लड्डु, मिठाइ नै लिनुपर्दछ, होइन भने पञ्चमकार पद्धतिअनुसार माछा, मासु, रक्सी नै सगुन दिइनु स्वास्थ्यका लागि उत्तम मानिन्छ।

आयुर्वेदमा कफ, वायु, पित्त त्रिदोषअनुरूप रोगको उपचार गर्दा निम्नलिखित उपचार विधि अपनाइएको पाइन्छ।

१) काय-पेट चिकित्साः
- शरीरका सर्वांगमा हुने ज्वरो, रक्त पित्त, कुष्ठ आदि उपचार।

२) कौमार्य-बालरोग चिकित्सा
- महिला- (गाइनो) बालरोगसम्बन्धी रोगको उपचार।

३) सल्य साल्य-अप्रेसन चिकित्साः
- अपरेसन अनेक प्रकारको अग्नि, क्षार कर्म, हड्डी आदि।

४) ग्रह भूत व्याधीतन्त्र चिकित्साः
- तन्त्र विधिबाट साधना गरी रोग निको बनाउने।

५) उध्वाङग, शालक्य चिकित्साः
- नाक, कान, घाँटीसम्बन्धी उपचार पद्धति।

६) दष्ट्रा अगदतना चिकित्साः
- सर्प, कुकुर, किराले टोकेकोमा गरिने उपचार विधि।

७) जरा रसायणतन्त्र चिकित्साः
- दीर्घजीवी, आयु वृद्धि हुने उपचार विधि।

८) वृष, वाजीकरण
- यौन पुष्टि हुने यौनवर्द्धक उपचार।

यी आठ प्रविधि आदिकालदेखि नै चल्दै आइरहेको उपचार पद्धति हुन्। एक भनाइ पनि प्रचलित छ- मान्छेअनुसार कुरा, देवताअनुसार पूजा गर्नुपर्छ। देवताको पनि त्यो मान्छेको जस्तो गुण, स्वभाव हुन्छ। त्यही गुणको देवीदेवता पुज्नुपर्दछ। नत्र 'टाउकाको औषधि नाइटामा लाई' भनेजस्तो हुन्छ।

**कस्तो गुणीले कुन देवता पुज्ने**

**१) रजगुणी**

जलन्हायकँ हातमा पक्रिएका देवीलाई मत्स्य मास, मुद्रा मैथुनलाई स्वीकार गर्ने देवतालाई जाँड रक्सी, माछा, मासुसहित पूजा गर्नुपर्दछ।

**२) सदगुणी**

हातमा कमलको फूल लिई उठेर पैसा छरिरहेकी लक्ष्मी देवीलाई सात्त्विक पञ्चामृत, फलफूल नैवेद चढाउनुपर्दछ।

वैद्यको सात्त्विक अर्थ आयुर्वेदको आधारमा उपचार गर्ने चिकित्सक हुन्। परम्परागत आधारमा अध्ययन र पारिवारिकरूपले औषधि उत्पादन गर्ने वैद्य वंशजमा हजारौं वर्षदेखिको अनुभवी रहेका छन्। राज्यले ती परम्परागत औषधिलाई व्यवस्थित र व्यावसायिक बनाउँदै लैजान सके औषधिकै लागि विदेश गइरहेको अर्बौं रूपैयाँ रोकिनुका साथै अनावश्यक केमिकलयुक्त औषधिको प्रयोग कम गर्न सकिन्थ्यो। वैद्य औषधिहरू विशुद्ध वातावरणसँग समायोजन गरी प्रयोग गरिन्छ।

**३) तमोगुणी**

मसान दीपमा सिंह चढेकी देवी हातमा सेतो मुला, हातहतियार पहिरिएकी देवीलाई बलिसहित पुज्नुपर्दछ। कोही देवी देवता नै छैन यो पूजा भनेको वाहियात भन्नेहरू पनि छन्। कोही देवता पूजेर भाकल गरेर पनि रोग निको हुन्छ त भन्ने पनि होलान्। उनीहरूलाई जसरी फुटबलमा हालेको हावाले साइकल गुड्दैन त्यसैगरी सात्त्विक देवता पुज्नुपर्नेले मांसाहारी देवता पुज्दा हुनुपर्ने कार्य हुँदैन, अवश्य। यो आफ्नो आदिकालीन पुर्खाले दिएको मूल सन्देश भएको, वैद्यराज बासुकृष्ण बताउँछन्।

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ। तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने। मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो। अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने।

'तर तपाइको देश अहिले पनि जीवितै छ। पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन्। तिनीहरू तपाईलाई बोलाउँदैछन्। म आफू महामात्य बन्न सक्दिनँ। अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु।

'अब चाणक्यको साधना पूर्ण भयो। आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ। यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ। दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन्। यस्तो मेरो विश्वास छ। यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन्। जसरी भारतवर्ष र युनान सम्बन्धी भए।' क्रमशः

## पत्र-मञ्जुषा

### देशको अवस्था सुधार्न लागौं

पछिल्लो समय नेपालीहरूमा विदेशमोह लागेको छ। पैसा हुने होस् या नहुने, सबै विदेश जान चाहन्छन्। बच्चा होस् या बूढा सबैको जिब्रोमा छ, विदेश। सर्वसाधारणदेखि व्यापारी, सरकारी कर्मचारीदेखि राजनीतिक दलका नेताहरूलेसम्म आफ्ना छोराछोरी विदेश नै पठाउँछन्।

विदेश गएपछि सुःखैसुःखै हुन्छ भनी मानिसहरू ऋण गरेर भए पनि विदेश नै जान चाहन्छन्। सानोतिनो व्यापार व्यवसाय गरेर नेपालमै बस्छु, नेपालको विकास गर्छु, सरकारलाई कर तिर्छु भन्ने भावना त कसैमा पनि भेटिँदैन। व्यापार गरेमा लगानी डुब्छ वा फाइदा हुँदैन भनेर त्यही पैसा विदेश जान लगानी गरिन्छ। यतिमात्र नभई विदेश गएपछि पनि आफ्नो पुर्ख्यौली सम्पत्ति यहाँबाट बेचेर लगिन्छ। अब भन्नुस् के यो राम्रो काम हो।

आमाबुबाहरू यता भ्रष्टाचार गरेर वा ऋण गरेर छोराछोरी विदेश पठाउँछन् तर मर्ने बेला त्यही छोराछोरी साथमा हुँदैनन्। पहिला छोराछोरी पठाउने समय खुसीखुसी पठाउँछन् तर पछि उनीहरूबाट साथ पाउँदैनन्। अहिले त आफ्ना छोराछोरी विदेश पठाउनेमा सबैभन्दा बढी नै भ्रष्टाचारमा संलग्न व्यक्तिहरू छन्। यहाँ बसेर राज्यलाई कर छलेर वा भ्रष्टाचार गरेर पैसा कमाउँछन् र त्यो पैसाले छोराछोरीलाई उता विदेशमा घर किन्न लगाउँछन् र छोराछोरीको कमाइले किनेको दाबी छन्। यसले गर्दा देशको मुद्रासँगसँगै दक्ष जनशक्ति पनि बाहिरिरहेका छन्।

अहिले राहदानी विभागमा युवाहरू अमेरिका, अस्ट्रेलिया जानका लागि लाइन लागिरहेका छन्। सरकार पनि नेपाली जनतालाई देशमै रोजगारी दिन नसके पनि पैसा लिएर नागरिकता र राहदानी दिन सक्छ। तर यता मधेशमा आमाबुबा नेपाली भएपनि ७ लाख नेपाली मानिसहरू नेपाली नागरिकताबाट वञ्चित भइरहेका छन्। यो ७ लाख नेपालीको सरकार को हो भनेर अब राष्ट्रपतिले जवाफ दिनुपर्छ।

खाडी मुलुकमा गएका मानिसहरूले त विदेश गएर पैसा पनि पठाउँछन् र नेपाल पनि फर्किन्छन् तर अमेरिका, अस्ट्रेलियामा पढ्न नाममा जाने मानिसहरूले नेपालको अर्थतन्त्र नै धराशायी बनाइरहेका छन्। उनीहरू आफू त गइनै रहेका छन् तर यहाँ भएको पैसा पनि लगिरहेका छन्। आफ्नो स्वार्थका लागि यिनीहरूले आफू जन्मिएको देशमाथि नै खेलबाड गरिरहेका छन्।

जनसंख्याको आधारमा नेपालबाट विदेश गएका मानिसहरूले बर्सेनि १८ अर्बभन्दा बढी रकम नेपाल पठाउनुपर्ने हो। तर, यहाँ त १० अर्ब पनि आउन धौधौ छ। जो मान्छेले नेपालमा बसेर भ्रष्टाचार गरेर वा अन्य काम गरेर कालोधन्दा कमाएको छ त्यो मानिसले आफ्ना छोराछोरी अमेरिका, अस्ट्रेलिया पठाएर कालोधनलाई पनि सेतो बनाउँछन्। पछिल्लो समय भ्रष्टाचार गर्नेको र राजस्व छल्नेको संख्या बढिरहेको छ।

नेपालबाट हुण्डीमार्फत बर्सेनि कति रकम विदेश पठाइन्छ भनेर नेपाल सरकारलाई थाहा छैन। यहाँ पछिल्लो समय व्यापार व्यवसाय गर्नेहरूले वित्तीय संस्थाबाट ऋण लिने र डुब्यो भनेर त्यो रकम विदेशमा लगानी गर्ने गरिरहेका छन्। साथै, आफू अमेरिका, अस्ट्रेलिया पुगेपछि उनीहरू आफू त फर्केर आउँदैनन् तर यहाँ भएको पुर्ख्यौली सम्पत्ति पनि बेचेर लैजान्छन्। नेपाली नागरिकता त्यागेपछि नेपालमा भएको सम्पत्ति भने त्याग्दैनन्।

अन्य मुलुकले हाम्रो देशको पैसासँगसँगै दक्षजनशक्ति पनि लगे। जसले गर्दा देशको विकास र अर्थतन्त्रमा ठूलो संकट निम्ति रहेको छ। तर सरकार यसप्रति ध्यान दिँदैन। अब नयाँ सरकार बनेको छ। नयाँ गठबन्धनको सरकारमा नवोदित दलहरू पनि सहभागी हुँदै छन्। सरकारमा बस्नेले अब गम्भीररूपमा यो समस्याबारे सोच्नुपर्छ। अहिलेसम्म नेताहरूले आफ्नो अवस्थामा सुधार ल्याए तर देशको अवस्था जस्ताको तस्तै छ। त्यसैले अब देशको अवस्था सुधारमा सरकारमा रहेका दलहरू लाग्नुपर्छ। प्रतिपक्षमा बस्ने दलले पनि यसमा रचनात्मक भूमिका खेल्न आवश्यक छ।

*- संगीता राई, धापासी*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मिथिलामा सुरु भयो जोगिराको रौनक

■ सञ्जीतकुमार मण्डल

**जलेश्वर–** 'जोगिरा सररर, जोगिरा सररर ।' 'मिथिलामे राम खेलैया होली, मिथिलामे । मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।' हाँ मिथिलामे राम खेलैय होली, मिथिलामे ।' किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोलि । मिथिलामे ?' 'सीताजीके सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोलि । हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे ।'

'जोगिरा सररर, जोगिरा सररर... ।' 'रंग बरसे भिगे चुनरबाली रंग बरसे, हो रंगबरसे भिगे चुनरवाली रंगबरसे'यी माथि उल्लेखित लोकभाका (जोगिरा)हरू तराई-मधेशमा होला आगमनको लोकभाका हो । तराई-मधेशमा अहिले होली पर्वको एक साता मात्रै बाँकी रहँदा साँझ पर्नेबित्तिकै गाउँ गाउँमा डम्फु, झचाली, ढोल, तासा र मृदंगलगायतका बाजाहरू बज्न थालेको छ भने चारैतिर जोगिरा (होली गीत) का धुनहरू सुनिन थालेको छ । होली पर्वको उत्साह र उमंगले उमेरकोसमेत पर्वाह नगर्दै जलेश्वर नगरपालिका-८ बजराही गाउँ बस्ने ७५ वर्षीय रामबाबु चौधरी दुई/तीन दिनदेखि साँझ पर्ने बित्तिकै गाउँको उत्तरबारी टोलबाट हातमा डम्फु र झचाली समातेर गाउँको चौकमा पुग्ने गर्छन् । त्यसैगरी गाउँको पछियारी टोलबाट ७० वर्षीय अरुण पाण्डे, पूर्वारीटोलबाट ६० वर्षीय रामदेव महरा र दक्षिणबारी टोलबाट ५५ वर्षीय पवित्तर साहसहित थुप्रै व्यक्तिहरू आ-आफ्ना घर टोलबाट आएर चोकमा जम्मा हुने गर्दछन् ।

उमेरले पाका र कतिपयले राम्ररी हिँड्डुल गर्न नसक्ने भए पनि उनीहरू गाउँको चारैदिशाबाट गाउँकोबीच चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन् । बरु आपसी भाइचारा, प्रेम, सद्भाव, सुखदु:ख साटासाट गर्न र पुस्तौंदेखि चल्दै आइरहेको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि छलफलमा जुट्ने गरेका छन् । जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथको मन्दिरदेखि मात्रै ५०० मिटरको दूरीमा उत्तरपट्टी रहेको सानो गाउँ बजराहीमा साँझ पर्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थालेको छ । होलैयाहरू (जोगिरा गाउनेहरू) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँको टोलटोलमा आ-आफ्ना घर आँगनमा बसिरहेका जो कोही पनि प्रसन्न एवं खुसी हुने गर्दछन् ।

साँझ ७ बज्न नपाउँदै होलैयाहरूले हातहातमा ढोल, तासा, मृदंग, डम्फु, झचालीलगायतका बाजाहरू लिएर विभिन्न धुन र संगीतमा झुम्मिन थाल्छन् र राति ११/१२ बजेसम्म जोगिरा निरन्तररूपमा चलिरहन्छ । विभिन्न प्रकारका गीत, चुट्किला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दहरूलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्दछ भने जोगिराको क्रममा हुने नाचगानमासमेत ठूलो संख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) बौएलाल महराले बताए । पौराणिककालदेखि नै जलेश्वर नगरपालिका-८ बजराही गाउँका जोगिरा टोली निकै चर्चित र नामचलेको छ भने यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको सहभागिता हुँदा आपसी सद्भाव झन् बढेको स्थानीय ७५ वर्षीय भुट्टा साहको भनाइ छ ।

अन्य गाउँ ठाउँमा हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यता रहेको बीच महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-८ बजराही गाउँमा यस कुरालाई स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवाहरूले पछौटेपन तथा विकासका अवरोध भन्दै यस सामाजिक विभेद्लाई चिरेर अगाडि बढेको अवस्था छ । अहिले प्रत्येक दिन साँझ जोगिराको धुनमा दुवै समुदायका युवाहरू एकैसाथ गाउँदा, नाच्दा र एकैसाथ हाँसो ठट्टा गर्दा वास्तवमै यस गाउँमा कुनै विशेष जात, धर्म वा वर्गको अधिपत्य वा भेदभाव नभएर अनेकतामा एकता रहेको दर्शाउँछ ।

यस गाउँमा वर्षौंदेखि यहाँका मुस्लिमहरू हिन्दूको पर्वमा र हिन्दूहरू मुस्लिमको चाडपर्वमा एकसाथ उभिएर मनाउनुका साथै आपसमा खुसी साटासाट गर्दै आएका छन् । वडा नं ७ अनकार गाउँमा पनि बर्सेनि सर्वसाधारण स्थानीय बासिन्दासहित जनप्रतिनिधि पनि जोगिरामा उत्साहजनक रूपमा सहभागी हुने गरेको स्थानीयवासी शंकर कापर बताउँछन् । वडा नं ७ का वडाध्यक्ष रामछविला यादवका अनुसार होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरू परदेशबाट गाउँ फर्किएका छन् । नेपाल तथा भारतसमेतको सम्पूर्ण मिथिलाञ्चलवासीलाई मनपर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका-७ बनौली गाउँमा पनि निक्कै धुमधामका साथ मनाउने गरिएको पूर्ववडाध्यक्ष रूपेश झाले बताए ।

स्थानीय ६५ वर्षीय वैद्यनाथ चौधरी गाउँका सबै उमेर समूहका मानिस एउटै मञ्चमा बसेर जोगिरा गाउने, हाँस्ने, हसाउने, कथा, कहानी र जीवनका अनुभवहरू साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने प्रचलन रहेको बताउँछन् । कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा विगत दुई/तीन दिनदेखि रातिको बेला होलैयाहरूको भीडले मेलाजस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै गुञ्जायमान हुने गर्दछ । वडा नं ९ बथनाहा गाउँ पनि यतिबेला जोगिरामा रंगिएको छ । स्थानीय राजनीतिकर्मी चन्दन दुबेका अनुसार साँझ पर्न नपाउँदै होलैयाहरूले ढोल बजाउन, झचाली पिट्न, हारमोनियम बजाउन र गीत गाउन सुरु गरेपछि राति अबेरसम्म गाउँमा खुसियालीपूर्व रमाइलो गर्दछन् ।

प्रत्येक वर्षझैं यस वर्ष पनि होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँ-गाउँमा 'जोगिरा' (एक प्रकारको गीत) गाउन सुरु भएको छ । दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरी जिल्लाको प्रत्येक गाउँ टोलमा फागुन महिनाको १२/१३ गतेदेखि नै प्रत्येक रातिको बेला ढोल, तासटा, मृदंग, डम्फु, झचालीलयायतका बाजागाजाका साथ जोगिरा गाउन सुरु भएको विभिन्न पालिकाबाट स्थानीयवासीले बताएका छन् ।

*'फागुन आयो, होली ल्यायो'*
*'मारो भरभर कर पिचकारी'*
*'होली आयो, मस्ती छायो'*
*'मारो भरभर कर पिचकारी'*
*'जोगिरा सररर, जोगिरा सररर ।'*
*'कई हातका धोती पहना, कई हात लपेटा'*
*'कई घाटका पानी पिया, कई बापका बेटा'*
*'जोगिरा सररर, जोगिरा सररर ।'*

यस्ता सयौं लोकभाका, गीत, चुटकिला, हाँसो ठट्टा र दु:ख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको रूपमा होली मनाउने गरिन्छ । महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारादेखि र भारतका मधुवनी र दरभंगासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा पर्व मनाउने गरिन्छ । जोगिराको धुन र लयले गाउँगाउँलाई संगीतमय पारेको बेला जोगिरा गाउनकै लागि अहिले रातको बेला युवा तथा वयोबृद्धलाई घरघरबाट तानेर ल्याई राति अबेरसम्म जाग्राम गराउने तथा जोगिराहरू गाउन लगाउने गरिएको जलेश्वर नगरपालिका-६ का बासिन्दा प्रवीण साहले बताए ।

उनले होलैयाहरूले जोगिराले एक आपसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफूहरू रातिको बेला गाउँको चोकचोकमा ठूला संख्यामा भेला भएर जोगिरा गाउने, सुन्ने र सहभागीसमेत हुने गरेको बताए । प्राय: होली पर्वभन्दा १५ दिन पहिले सुरु हुने जोगिरा गायन मिथिलाञ्चलको प्रत्येक गाउँगाउँमा भइसकेको छ भने । जोगिरा गायन होली पर्वको एक दिन पहिलेको रातिसम्म गाइने प्रचलन छ ।

जोगिरा मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति भएकाले यसको संरक्षणमा स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनु जरुरी रहेको बताउँछन् जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार । जोगिराले परम्परा झल्काउने, सदभाव बढाउने र जोगिरासमेतलाई संरक्षण गर्नुपर्नेमा कतिपय भोजपुरी भड्किलो गीत, डिजे बाजाको चर्को आवाज र मदिरा सेवनकर्ताहरूले हो-हल्ला गर्ने प्रवृत्ति बढेकामा भने उनी चिन्ता व्यक्त गर्छन् । *रासस*

## हर्कभञ्ज्याङमा गुरू रिन्पोछेको प्रतिमा



**काभ्रे (प्रस)–** जिल्लाको बेथानचोकस्थित हर्कभञ्ज्याङमा निर्माणाधीन गुरु रिन्पोछेको प्रतिमा (मूर्ति)को यही फागुन २१ गते उद्घाटन हुने भएको छ। प्रतिमाको बौद्ध परापम्पराअनुसार विधिवत् शुद्धीकरण प्राणप्रतिष्ठा (ह्राब्ने) गर्न लागिएको हो । बौद्ध धर्ममावलम्बीहरूले भगवान बुद्धको ८४ हजार प्रकारको प्रवचन र शिक्षादीक्षालाई सम्पूर्ण मानव जातिमा ल्याउने मूल गुरुको रूपमा गुरु रिन्पोछेलाई मान्ने गरेका छन्।

चौरीदेउराली निवासी लामा गुरु लोपेन पाल्साङ लामाले प्रतिमा दान गरेका हुन् । यस्तै जैमान सिंतानले प्रतिमा निर्माणका लागि जग्गा दान गरेका छन् ।

गुरु रिन्पोछेले नेपाललाई तपोभूमि बनाई फर्पिङको शेषनारायण गुफा, मुस्ताङ, हलेसी, काभ्रेको तेमाल, चौबासलगायतका विभिन्न स्थानमा ध्यान तपस्या गरेको बौद्धधर्म अध्यताहरू बताउँछन् । लौकिक/अलौकिक शक्ति प्रदान गर्दै विशेषगरी नेपालको हिमाली क्षेत्रहरूमा पशुबलिको अन्त्यसमेत गरेको उनीहरूको भनाइ छ । रिद्धि शक्तिको कारण गुरु रिन्पोछेप्रतिको श्रद्धा र भक्ति रहँदै आएको छ ।

भगवान बुद्धको जन्म नेपालको लुम्बिनीमा भएता पनि ज्ञान प्राप्ति भारतमा भएको थियो । नेपाल, भोट, तिब्बतलगायत विश्वका विभिन्न देशहरूमा बुद्ध दर्शन, त्रिपिटकको सबै ज्ञानहरू एवं बौद्ध धर्म विस्तारमा गुरु रिन्पोछेको योगदान रहेको मानिन्छ ।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने बेथानचोक विकास र धार्मिक हिसाबले पछाडि परेको छ । यस क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलको रूपमा विकास गर्न गुरु रिन्पोछेको प्रतिमा निर्माण गरिएको बताइएको छ । निकट भविष्यमा यहाँ ज्याछयोन डिंपो छयोइलिङ गुम्बासमेत निर्माण गर्ने लक्ष्य लिइएको गुम्बाका अध्यक्ष कर्म योञ्जनले बताए । आगामी २१ गतेको कार्यक्रमसमेत गुम्बाले नै व्यवस्थापन गर्ने उनले बताए ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३०० फागुन १७ गते २०७९ मा प्रकाशित हुनुपर्ने TARGET CONSULTANT HUMAN RESOURCES PVT LTD को Lot No. 281607/281608/281727 को Afrah Ali Hussein Al Yami Industral Factory, Rshaf Cafe to Provide Beverages & Saleh Salman Saleh Al Aabid Agricultural Farm कम्पनीको विज्ञापन भुलबस छुट्न गएकोले आज प्रकाशित गरिएको तथा सच्याईएको जानकारी गराईन्छ ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१८ | LT. No. 259699 | चलानी नं. ६०१९२४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 45 | 0 | 1000 | ३५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YO SOON TIMBER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१८ | LT. No. 281934 | चलानी नं. ६०१९७४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MADANI SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/११/१८ | LT. No. 281944 | चलानी नं. ६०१९७३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 18 | 3 | 1200 | ४३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


Proficient Employment Services Pvt.Ltd
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMED SAUD AL-OTAIBI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ | LT. No. 280510 | चलानी नं. ६०१९६०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 79 | 0 | 1000 | ३५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


Mansur Manpower Pvt.Ltd.
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१८ | LT. No. 263366 | चलानी नं.६०१७९५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 160 | ६४,८९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 3 | 90 | ३६,५०० | | | | | | | |

कम्पनी : JACK POTATO & HOT DOG RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०७८/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१८ | LT. No. 253590 | चलानी नं.६०१७०४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 18 | 150 | ६४,६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 8 | 0 | 130 | ५५,९९० | | | | | | | |
| 3 | Light Drivers | 5 | 0 | 140 | ६०,३०० | | | | | | | |
| 4 | Waiters | 6 | 0 | 135 | ५८,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, बाँके
लुम्बिनीप्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०७८।११।१९

यस कार्यालयको मिति मिति २०७९।११।०१ गतेका दिन प्रभाव दैनिक पत्रिकामाप्रकाशित सूचना बमोजिम बैजनाथ गाउँपालिकाका आ.व.०७९।८० मा सार्वजनिक खरिद कार्य गर्नको लागि प्रकाशित सूचना अनुसार उल्लेखित मिति भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरुको बोलपत्रहरु स्वीकृत गर्ने आशयको ७ दिने सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | प्रति पिस दर रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|
| Thekka No. BRM/NCB/GOODS/02-079/080 Purchase Of Electrical Fodder Machine (Electrical Chaff Cutter Machine) | कृषि मेसिनरी सोलुसन प्रा लि, नेपालगंज, बाँके | २८७०४ (अट्ठाईस हजार सात सय चार रुपैया मात्र) | 1435200.0 (अक्षरुपी चौध लाख पैतिश हजार दुई सय मात्र) | |
| Thekka No. BRM/NCB/GOODS/03-079/80 Purchase Of Cattle Feed Grinding Machine (Crusher Machine Machine ) | कृषि मेसिनरी सोलुसन प्रा लि, नेपालगंज, बाँके | २७९३२.८ (सत्ताईस हजार नौ सय बत्तिस रुपैया आठ पैसा मात्र ) | 1117312.0 (अक्षरुपी एघार लाख सत्र हजार तिन सय बाह्र मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत
गाउँ कार्यपालिकाको कार्यालय

# प्रभाव दैनिक





## बद्रीको 'पैसा सापटी' बजारमा

गायक बद्री पंगेनी र रचना रिमालको स्वरमा 'पैसा सापटी' नामको गीत बजारमा आएको छ। गीत, पैसा सापटी दिएपछि उत्पन्न हुने अवस्थालाई समेटेर तयार पारिएको छ। मानिसहरूले समस्या देखाएर पैसा सापटी माग्ने तर पैसा लगेपछि तिर्न नमान्ने बेथिति बढी रहेको विषय गीतमा समेटिएको हो। पैसा सापटी दिएपछि बोलचालसमेत हराउने गरेको भिडिओमा देखाइएको छ। बद्री पंगेनीकै रचना रहेको गीतमा विश्वास नेपालले संगीत भरेका हुन्। भिडिओमा सागर लम्साल 'बले' अनु रेग्मी, नन्द बस्याल, सन्तोस पौडेल 'बटुक' लगायतको अभिनय छ।




शुक्रबार, १९ फागुन २०७९ (Friday, March 03, 2023)


# चलचित्र पत्रकार संघमा नयाँ कार्यसमिति चयन



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र पत्रकार संघ नेपालको अध्यक्षमा समीर बलामी निर्वाचित भएका छन्। काठमाडौंमा सम्पन्न २३ औं साधारण सभाबाट बलामी ८३ मत ल्याएर निर्वाचित भएका हुन्।

उनका निकटतम प्रतिद्वन्द्वी राजन घिमिरेले ६६ मत ल्याएका छन्। निर्वाचनमा कुल एक सय ५२ मत खसेको थियो।

उपाध्यक्ष कार्यक्रमतर्फ कुबेर गिरी ८३ मतसहित बिजयी भए भने उनका निकटतम प्रतिद्वन्द्वी जीवन पराजुलीले ४५ मतमा सिमित भए।

**नयाँ कार्यसमिति:**

**अध्यक्ष:** समीर बलामी
**उपाध्यक्ष कार्यक्रम:** कुबेर गिरी
**उपाध्यक्ष संगठन:** विजय सुवेदी आवाज
**उपाध्यक्ष महिला:** सुरक्षा भट्टराई
**महासचिव:** रघुनाथ सापकोटा
**सचिव खुला:** नवीन गिरी
**समावेशी सचिव:** उद्धव रसाइली
**समावेशी सदस्य:** मोहम्मद जलिम
**महिला सदस्य:** सुष्मा कार्की
**सदस्यहरू:**
कृष्ण पाण्डे
अनुप भट्टराई
निशा बजगाई
अर्जुन गुरागाई
सिपी जैसी
सुरेन्द्र थापा

यसैगरी, उपाध्यक्ष संगठनतर्फ विजय आवाज, महिलातर्फ सुरक्षा भट्टराई बिजयी भए भने महासचिवमा रघुनाथ सापकोटाले ७७ मत ल्याउँदा प्रदीप कार्कीले ७४ मतमा सिमित भए।

सचिव खुल्लामा नवीन गिरी, सचिव समावेशीमा उद्धव रसाइली निर्वाचित भएका छन् भने कोषाध्यक्षमा मनिष कार्की र सह कोषाध्यक्षमा मनिष दाहाल आएका छन्।

अध्यक्ष र महासचिवलगायत अधिकांस पदमा नेकपा एमाले निकट प्रेस चौतारी आबद्ध पत्रकार बिजयी भएको माधव तिवारीले जानकारी दिए।

## १८ चलचित्र पत्रकारले दिए सामूहिक राजीनामा

**काठमाडौं (प्रस)–** चलचित्र पत्रकार संघको नयाँ नेतृत्वप्रति असन्तुष्टि जनाउँदै संघका १८ जना साधारण सदस्यले सामूहिक राजीनामा दिएका छन्। संघको अनामनगरस्थित कार्यालयमा विहिबार हस्ताक्षरसहितको राजीनामा पत्र बुझाउँदै उनीहरूले संस्थामा नरहेको जनाएका छन्।

राजीनामा दिनेहरूमा पुष्प थपलिया, संगीता गिरी, सुशील पौडेल, प्रदीप कार्की, विशाल राई, प्रकाश ढकाल, रीना मोक्तान, गणेश वली, लोकेन्द्र राउत, अनिल यादव, चिरञ्जीवि सापकोटा, सुशील नेपाल, लक्ष्मी बलायर, बैकुण्ठराज पराजुली, स्वेच्छा राउत, सविन ढकाल र संगीता श्रेष्ठ छन्।

बुधबार सम्पन्न संस्थाको २३ औं साधारण सभाले नयाँ कार्यसमिति निर्वाचित गरेको एकदिनपछि यी सदस्यको राजीनामा आएको हो। उक्त सभाबाट समीर बलामी अध्यक्षमा निर्वाचित भएका थिए।

तर, संस्थाकी एक साधारण सदस्यविरुद्ध यौन दुर्व्यवहारको मुद्दामा संघ आफैले अनुसन्धान गरिरहेको व्यक्तिको नेतृत्व आफूहरूलाई स्वीकार्य नभएको ती सदस्यको पत्रमा उल्लेख छ। अध्यक्षको उम्मेदवारी दिँदा समेत यसबारे विरोध गरेको उनीहरूले जनाएका छन्।

यौन दुर्व्यवहारको आक्षेप लागेर मुद्दा किनारा नलागिसकेको अवस्थामा बलामीकै नेतृत्वमा संघमा बस्न असुरक्षित, असहज र नैतिकरूपमा सकसको अवस्था भएकाले राजीनामा पेश गरेको उनीहरूले जनाएका छन्।

# यस्तो देखियो प्रसाद–२ को फर्स्टलुक

■ प्रभाव संवाददाता



**काठमाडौं-** एसजी फिल्मस्सँग सुलभ थापा प्रोडक्शनले सहकार्य गर्दै तयार भएको फिल्म 'प्रसाद २'को फस्टलुक सार्वजनिक गरिएको छ। सार्वजनिक फषटलुकमा नायक विपिन कार्की, नायिका केकी अधिकारी र कलाकार अर्पण थापालाई देख्न सकिन्छ। यो फिल्मलाई सुदर्शन थापाले निर्देशन गरेका हुन्।

लभ स्टोरी फिल्म निर्माण माहिर मानिएका सुदर्शन यसपटक सामाजिक कथावस्तु लिएर दर्शकमाझ आउँदैछन्। फिल्मको स्लोगन 'माया भन्दा ठुलो नै क छ र' राखिएको छ। यो फिल्मलाई सुदर्शन बस्नेतले निर्माण गरेका हुन्। सुभाष थापाको प्रस्तुतिमा यो फिल्म तयार भएको हो। फिल्म 'प्रसाद २'ले जातियताको मुद्दालाई उठान गरेको छ। निर्देशक सुदर्शन थापाले फिल्मको कथावस्तुले यसपटक दर्शकलाई झनै आकर्षित गर्ने दाबी गरे।

## ३१ दिनमा सकियो नम्बरी सुनको छायांकन



**काठमाडौं (प्रस)–** राजु गिरीको निर्देशन रहेको फिल्म नम्बरी सुनको छायांकन सकिएको छ। काठमाडौं, लम्जुंगको भुजुंग गाउँ लगायत देशको विभिन्न स्थानमा छायांकन भएको फिल्म ३१ दिनमा सकिएको हो। ७० वर्ष पुरानो कथामा निर्माण भएको फिल्मको प्रस्तुतकर्ता नारायण खाती हुन्।


खातीकै कथा तथा प्रस्तुति रहेको फिल्ममा गौरव पहारी, नम्रता सापकोटा, सरोज खनाल, राजाराम पौडेल, राजेन्द्र खड्गी, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी, मान महर्जन लगनयत कलाकारको अभिनय रहेकोछ।

सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन रहेको छ। फिल्म सरोज खाती, सविन खाती र मनोज रिजालले मिलेर बनाएका हुन्। नम्बरी सुनमा अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामीछाने नृत्य निर्देशक, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, गौतम राज खड्काको सम्पादन रहनेछ।



**आइसिसी यू-१९ विश्वकप एसिया छनोट**

# दीपेशको शानदार प्रदर्शनसँगै नेपाल विश्वकपमा प्रवेश



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी यू-१९ विश्वकप एसिया छनोट अन्तर्गतको अन्तिम खेलमा यूएईलाई हराउँदै नेपाल विश्वकपमा पुगेको छ। निर्णायक खेलमा बिहीबार यूएईलाई ७ रनले हराउँदै नेपाल विश्वकपमा पुगेको छ।

अजमानको इडन ग्राडेन ओभलमा नेपालले दिएको १ सय ९२ रनको लक्ष्य पछ्याएको यूएईले ४८ ओभरमा अलआउट हुदै १ सय ८४ रन मात्र बनायो।

यूएईका लागि इथान काल्लले ६६ बलमा ५० रन बनाउँदा आर्यान सक्सेनाले ३४ रन बनाए। आर्यांश शर्माले ३२ तथा अम्मर बदामीले १९ रन बनाए। नेपालका लागि दिपेश कँडेलले ५ तथा सुवास भण्डारी र हेमन्त धामीले समान २/२ विकेट लिए।

२०१६ को विश्वकप पछि पहिलो पटक नेपाल विश्वकपमा छनोट भएको हो। त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले ४८ ओभर ५ बलमा अलआउट हुदै १ सय ९१ रन बनायो।

नेपालका कप्तान देव खनालले ८४ बलमा ५१ रनको अर्धशतकीय ईनिङ खेले। कप्तान खनालले ३ चौका र १ छक्का प्रहार गरेका थिए। देवले ७५ बलमा आफ्नो अर्धशतक पूरा गरेका थिए। विशाल विक्रम केसीले ५० बलमा ३८ रन बनाए। केसीले ५ चौका प्रहार गरेका थिए।

उत्तम थापा ३६ रन बनाएर आउट भए। ६ ओभर १ बलमा ३ विकेट गुमाईसकेको नेपालका लागि थापा र कप्तान खनालले चौथो विकेटका लागि ८४ रनको साझेदारी गरेका थिए।

दिपेश कँडेलले १५ तथा हेमन्त धामीले १३ रन बनाए। नेपालका ओपनर दीपक बोहोरा ईनिङको पहिलो बलमा नै आउट भएका थिए। अर्का ओपनर अर्जुन कुमाल ३ तथा आकाश त्रिपाटी ९ रनमा आउट भएका छन्।

यूएईका लागि धुव्र पराशरले ३ तथा हरिस शेठ्ठी र आयान खानले समान २/२ विकेट लिए। हर्शित शेठ र अम्मर बदामीले समान १/१ विकेट लिएका छन्।

यो जितसँगै नेपालले २०२४ मा श्रीलंकामा आयोजना हुने यू-१९ पुरुष विश्वकपमा सहभागीता जनाउने भएको छ।

### सरकारले १ लाख दिने

नेपाल क्रिकेट संघ (क्यान) ले यू-१९ पुरुष क्रिकेट टोलीका खेलाडीलाई जनही १ लाख पुरस्कार दिने भएको छ। आइसिसी यू-१९ विश्वकपमा छनोट भएपछि क्यानले खेलाडीलाई जनही १ लाख पुरस्कारको घोषणा गरेको हो।

विश्वकपको एसिया छनोट अन्तर्गतको अन्तिम खेलमा बिहीबार यूएईलाई ७ रनले हराउँदै नेपाल विश्वकपमा पुगेको हो। नेपालले २०२४ मा श्रीलंकामा आयोजना हुने यू-१९ पुरुष विश्वकपमा सहभागीता जनाउने छन्।

**आइसिसी विश्वकप क्रिकेट लिग-२**

# सन्दीपको उत्कृष्ट प्रदर्शनका बाबजुद नेपाल युएईसँग पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) मा जारी आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एक दिवसीय शृंखलामा नेपाल युएईसँग पराजित भएको छ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा बिहीबार भएको खेलमा नेपाल युएईएसँग ६८ रनले पराजित भएको हो। युएईले दिएको २०८ रनको लक्ष्य पछ्याएको नेपाल ३१ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १३९ रनमा समेटियो। नेपालका लागि कुशल मल्लले सर्वाधिक ६० रनको योगदान दिए। त्यस्तै सन्दीप लामिछाने २६ रनमा अविजित रहँदा आसिफ शेखले १७ रन जोडे।

युएईका रोहन मुस्ताफा र कार्तिक मैयप्पनले समान ३/३ विकेट लिए भने जुनेद सिद्दिकीले २ विकेट झारे। जाहोर खान र सविर अलिले समान १/१ विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २०७ रन बनाएको थियो। युएईका लागि ओपनर आसिफ खानले सर्वाधिक ७२ रनको योगदान दिएका थिए भने रोहन मुस्ताफले अविजित ५२ जोडेका थिए।

त्यस्तै आर्यन लाक्राले २८ रन बनाए भने कप्तान सीपी रिजवानले २२ तथा वृत्य अरविन्दले १८ रन बनाए। नेपालका लागि सन्दीप लामिछानेले ३ विकेट लिए भने करण केसी, कुशल मल्ल र आरिफ शेखले समान १/१ विकेट झारे। जितसँगै युएई ३० खेलमा १४ मा जित र १३ मा हारसहित ३१ अंकका साथ पाँचौं स्थानमा छ। पराजित नेपाल ३० खेलमा १३ मा जित र १५ मा हारसहित २८ अंकका साथ अंक तालिकाको छैटौं स्थानमा छ।

# 'ए' डिभिजन लिग फुटबल आजबाट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ सिजनको सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको (आज) शुक्रबारबाट सुरु हुँदै छ।

तीन मैदानमा आयोजना हुने शीर्ष डिभिजनको लिग डबल राउण्ड रोबिनको आधारमा हुनेछ। लिग यस पटक दशरथ रंगशाला, एन्फा कम्प्लेक्स र च्यासल मैदानमा हुनेछ। लिगको प्रत्यक्ष प्रसारण स्पेस फोरके टेलिभिजनबाट हुनेछ।

लिगको पहिलो खेलमा नवप्रवेशी एफसी खुमलटार र फ्रेन्ड्स क्लबबीच प्रतिस्पर्धा हुनेछ। दशरथ रंगशालामा हुने पहिलो खेल साँझ ५:३० बजे सुरु हुनेछ। यस पटकको लिग विजेताले ७५ लाख, दोस्रो टोलीले ५० लाख र तेस्रो हुने टोलीले २५ लाख रूपैयाँ पाउनेछन्। फेयर प्ले टोलीले ३ लाख पाउने छन्।

मोस्ट भ्यालुएबल खेलाडीले ३ लाख, सर्वाधिक गोलकर्ता र सर्वोत्कृष्ट गोलकिपरले २ लाख र इमर्जिङ प्लेयरले १ लाख ५० हजार रूपैयाँ पाउने छन्।

प्रत्येक खेलको विजेता क्लबले म्याच मनीवापत ५० हजार रूपैयाँ प्राप्त गर्नेछ। बराबरी भएका दुई क्लबबीच रकम बराबर बाँडिनेछ। हरेक खेलको म्यान अफ द म्याचले १० हजार रूपैयाँ पाउने छन्।

### दोहा शिखर बैठक :

# सम्भाव्यतादेखि समृद्धिसम्म, अल्पविकसित राष्ट्रहरूको पुकार

LDC5
5TH UNITED NATIONS CONFERENCE ON THE
LEAST DEVELOPED COUNTRIES

**दोहा–** प्राकृतिक प्रकोप र रोगव्याधले आर्थिक उन्नयनका दिशामा अघि बढ्न नसकेका विश्वका अल्पविकसित राष्ट्र अन्तर्राष्ट्रिय सहयोगका निम्ति विश्वको ध्यानाकर्षण गराउने तरखरमा छन् । गरिबीको दुश्चक्रमा फसेका उनीहरूले आगामी आइतबारदेखि बिहीबारसम्म यहाँ हुने अल्पविकसित राष्ट्रको संयुक्त राष्ट्रसंघीय पाँचौं शिखर बैठकमा सहयोगको लागि विकसित देशको ध्यान आकृष्ट गराउने तयारी गरेका हुन् ।

कोरोना भाइरस महामारी, खाद्यान्न तथा इन्धन आपूर्तिमा युक्रेन युद्धको प्रभाव र जलवायु परिवर्तनका कारण उत्पन्न समस्याले विश्वका धनी देशलाई चिन्तित तुल्याए पनि अल्पविकसित ४६ देशका एक अर्ब ३० करोड जनताको अवस्था दयनीय बन्दै गएको छ । कोरोना महामारी, युक्रेन युद्ध र जलवायु परिवर्तनका प्रभावले यी ४६ देश अवस्था नाजुक बनेको छ ।

संयुक्त राष्ट्रसंघका लागि मलावीका राजदूत तथा संयुक्त राष्ट्रसंघमा अल्पविकसित देशका प्रवक्ता एग्नेस चिम्बिरीमोलान्डे अल्पविकसित देशले झेल्नुपरेको थरीथरीका संकटले उनीहरूलाई जोखिमको खतरनाक बिन्दुमा पुर्‍याएको बताउँछन् । ३३ वटा अफ्रिकी, १२ वटा एसिया-प्रशान्त क्षेत्र तथा क्यारेबियन मुलुक हाइटीका राष्ट्राध्यक्ष र सरकार प्रमुखको पाँच दशकपछि पहिलोपटक यहाँ राष्ट्रसंघीय सम्मेलन हुँदै छ । पाँच दशकअघि संयुक्त राष्ट्रसंघले सम्पन्न र विपन्न राष्ट्रबीचको स्रोत-साधनको गहिरो खाडल कम गर्ने प्रयासमा अल्पविकसित राष्ट्रको समूह (एलडिसी) सिर्जना गरेको थियो ।

कोरोना महामारीका कारण एलडिसीको पाँचौं विश्व सम्मेलन दुई पटक स्थगन भइसकेको छ । यसपटक यहाँ आयोजना हुने उक्त बैठकबाट पनि निर्धन देशले अपेक्षाअनुसार भारी आर्थिक सहायता पाउने अपेक्षा गरिएको छैन । विज्ञहरूका अनुसार विगतमा गरिएका प्रतिबद्धता कार्यान्वयनको सुनिश्चितताका निम्ति विशेषज्ञ र विकासे कार्यकर्ताका साथ राष्ट्राध्यक्ष एवं सरकार प्रमुख शिखर सम्मेलनमा सहभागी हुँदै छन् । एलडिसीलाई सघाउने विकसित देशका प्रतिबद्धता कार्यान्वयनमा नै उनीहरूको जोड हुनेछ ।

फ्रान्समा रहेको फाउन्डेसन फर स्टडिज एण्ड रिसर्च अन इन्टरनेसनल डेभलपमेन्ट (फेर्डी)का कार्यक्रम प्रबन्धक म्याथियास बोसिचास हालैका संकटले सिर्जना गरेका जटिल परिस्थितिभन्दा पनि अन्तर्राष्ट्रिय समुदायले अल्पविकसित राष्ट्रका विकासका संरचनागत समस्यालाई सम्बोधन गर्नुपर्ने बताउँछन् । आर्थिक वृद्धि र व्यापारका निम्ति दशकौंदेखि लडिरहेका अल्पविकसित देशका विकासका चुनौतीलाई केन्द्रमा राखेर विकसित राष्ट्रले सहयोगको मात्रा बढाउनुपर्नेमा उनी जोड दिन्छन् ।

पाँच दशकअघि अल्पविकसित राष्ट्रको समूहमा रहेका २४ देशको संख्या यो अवधिमा बढेर ४६ पुगेको छ । आर्थिक सहयोग, व्यापार, बजार विशेषाधिकार र वित्तसम्मको उनीहरूलाई सहज पहुँच प्रदान गर्न उक्त समूह बनाइएको थियो ।

असमानताको खाडल यति गहिरो बनेको छ कि अफगानिस्तानको वार्षिक औसत ज्याला सयौं डलरमा मापन गरिन्छ भने अमेरिकामा यो ६५ हजार अमेरिकी डलरभन्दा बढी कायम भएको विश्व बैंकको तथ्यांकले देखाएको छ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वका आधा गरिब जनतासँग मात्र बिजुली छ भने हरेक पाँच जनामध्ये एक जनाको मात्र इन्टरनेटमा पहुँच छ ।

**अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति**

धेरै सरकारले एलडिसीको बिल्लालाई कलंक भनेका छन् । भूगोलका आधारमा सानो देश भुटान यस वर्ष एलडिसीबाट स्तरोन्नतिको प्रक्रियामा प्रवेश गर्ने सबैभन्दा नयाँ राज्य बन्ने अपेक्षा गरिएको छ । बंगलादेश, लाओस, नेपाल, अंगोला, साओ टोमे र प्रिन्सेप र सोलोमन टापु सन् २०२६ सम्ममा एलडिसीबाट स्तरोन्नति भइसक्ने लक्ष्यका साथ अघि बढेका छन् । अब उनीहरूले बिस्तारै आफ्नो विशेषाधिकार गुमाउने छन् । यद्यपि ती सबैलाई स्तरोन्नतिपछि पनि बाहय सहायता आवश्यक पर्छ ।

अल्पविकसित राष्ट्रमा निजी लगानी बढाउनेसम्बन्धी बैठकमा विश्वभरका करिब ५०० कम्पनीका प्रमुख कार्यकारीले भाग लिने अपेक्षा गरिएको एलडिसीका लागि संयुक्त राष्ट्रसंघका उच्च प्रतिनिधि रबाब फातिमा बताउँछन् ।

माइक्रोसफ्टले बिहीबार अफ्रिकाका थप दुई करोड मानिसलाई इन्टरनेट उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ भने आगामी तीन वर्षभित्रमा अफ्रिकामा १० करोड मानिसलाई इन्टरनेटको माध्यमबाट जोड्ने बताएको छ । उक्त अभियानका लागि माइक्रोसफ्टले गत वर्ष नै एक करोड अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।


माइक्रोसफ्टका अध्यक्ष ब्राड स्मिथले उक्त अभियानलाई महान् लक्ष्य भनेका छन् । 'यसका लागि सरकारहरूको सहयोग र समर्थन आवश्यक पर्छ, हामी अफ्रिकाभरका सरकारसँग काम गरिरहेका छौं, यसका लागि केही वित्तीय लगानी पनि चाहिन्छ जुन प्राप्त गर्न नसकिने होइन,' उनले एएफपीलाई भने । 'उनीहरूलाई चाहिने व्यापार र लगानी हो, विदेशी सहायता मात्र होइन । हामी डिजिटल प्रविधिलाई लगानी, व्यापार र आर्थिक वृद्धिको लागि सम्भावित उत्प्रेरकको रूपमा लिन्छौं,' स्मिथले थपे ।

अन्तर्राष्ट्रिय समुदायमा अल्पविकसित देशहरूको बोझ बढ्न नदिन उनीहरूका विकासका आकांक्षा सम्बोधन गर्नुपर्नेमा एलडिसीका लागि संयुक्त राष्ट्रसंघका उच्च प्रतिनिधि फातिमा जोड दिन्छन् । स्रोत र साधनको अभावमा सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्न उनीहरूलाई हम्मेहम्मे परेको छ ।

सामाजिक, आर्थिक एवं वातावरणीय विकासबाट लाभान्वित हुन विश्वव्यापी साझेदारी उनीहरूका निम्ति अपरिहार्य भएको छ । अल्पविकसित देशको दिगो विकासका निम्ति सहायता परिचालन गर्दै उनीहरूलाई समृद्धिको मार्गमा अग्रसर गराउने बैठकको प्रमुख उद्देश्य भएको उनको कथन छ ।

धनी राष्ट्रले गरिब देशलाई दिने बजेट बढाउनुपर्ने उनको निष्कर्ष छ । समयमै उनीहरूका समस्या सम्बोधन नभए जटिलतामा उनीहरूमात्र नभई अन्तर्राष्ट्रिय समुदायसमेत गाँजिने बोसिचासलागयतका विज्ञ बताउँछन् । *रासस⁄एएफपी*

# भूराजनीतिक तनाव अन्त्यका लागि एकताको आह्वान




**नयाँदिल्ली–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भूराजनीतिक तनाव अन्त्यका लागि जी ट्वेन्टी सदस्य राष्ट्र एकताबद्ध हुनुपर्ने बताएका छन् । प्रधानमन्त्री मोदीले बिहीबार यहाँ आयोजित जी ट्वेन्टी सदस्य राष्ट्रका विदेश मन्त्रीहरूको बैठकमा विद्यमान भूराजनीतिक तनाव समाधान गर्न सदस्य मुलुकहरूलाई एकताबद्ध हुन अपील गरेका हुन् ।

प्रधानमन्त्री मोदीले विकास, आर्थिक लचिलोपन, वित्तीय स्थायित्व, भ्रष्टाचार, आतंकवाद र खाद्य तथा ऊर्जा सुरक्षाका चुनौतीको सामना गर्न विश्वले जी ट्वेन्टीलाई आशा र भरोसका कासथ हेरेको बताए ।

उनले समूहको अध्यक्षका नाताले भारतले 'एक पृथ्वी, एक परिवार र एकै भविष्य' समूहको आदर्श वाक्य चयन गरेको उल्लेख गर्दै यसको उद्देश्य एकता र साझेदारी भएको स्पष्ट गरे । उक्त आदर्श वाक्यले साझा उद्देश्य प्राप्तिका लागि एकजुट हुने भावना झल्काउनेमा विश्वस्त रहेको प्रधानमन्त्री मोदीले बताए ।

विश्वव्यापी विभाजनको समयमा भएको विदेशमन्त्रीहरूको बैठक भूराजनीतिक तनावबाट प्रभावित हुनु सामान्य भए पनि यो तनाव कसरी समाधान गर्ने भन्ने बारेमा हामीबीच पृथक अडान र दृष्टिकोण भए पनि एकताबद्ध भएर त्यसलाई अन्त्य गर्नेतर्फ लाग्नु श्रेयस्कर हुने अभिमत प्रधानमन्त्री मोदीले प्रकट गरे ।

बैठकका अध्यक्ष भारतीय विदेशमन्त्री एस जयशंकरले वैश्विक दबाब र प्रणालीगत चुनौतीको सामना गर्दै बहुपक्षीयताको प्रवर्द्धनमा जोड दिए । उनले खाद्य र ऊर्जा सुरक्षा चिन्ताका विषय भएका बताउँदै तिनको दीर्घकालीन समाधान खोजिनुपर्ने विचार व्यक्त गरे । विश्व अर्थतन्त्रका लागि ती महत्वपूर्ण विषय भएकाले सोहीअनुसार व्यवहार गर्नुपर्ने उनले बताए । *रासस⁄सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UMR SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१८ LT. No. 269953 चलानी नं. ६०१८५७९७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing and cleaning Workers | 37 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ देखि ३० गते (10-14th. Mar 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOOK RESTAURANT

पूर्व स्वीकृति मिति २०७८/०३/२३ पुन विज्ञापन स्वीकृति मिति: २०७९/११/१८ LT. No. 241602 चलानी नं. ६०१५७१२७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ५४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: HERBAL HEALTHY MASSAGE INSTITUTE.

पूर्व स्वीकृति मिति २०७९/११/१८ LT. No.282019 चलानी नं. ६०१९७३९९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 25 | 150 | ६४,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 49 | 0 | 90 | ३८,७६५ | | | | | | | |
| 3 | Mason | 10 | 0 | 110 | ४७,३८० | | | | | | | |
| 4 | Massager | 4 | 0 | 120 | ५१,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESMAELY LENZOHM ELECTRICALK CO. W.L.L

पूर्व स्वीकृति मिति: २०७९/०१/१९ पुन विज्ञापन स्वीकृति मिति: २०७९/११/१८ LT. No. 262083 चलानी नं. ६०१७८८१६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BHD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 50 | 5 | 120 | ४२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMPAR FROZEN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१८ LT. No.281888 चलानी नं. ६०१९७३८९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 2 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४

**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOH FIBREGLASS INDUSTRIES

पूर्व स्वीकृति मिति २०७९/११/१८ LT. No. :281943 चलानी नं.६०१९७४०२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAR EAST PACKAGING IND (MELAKA) SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०८/०५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१८ LT. No. 275919 चलानी नं. ६०१९१५९४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २६ गते (10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1211/073/074

**आशिर्वाद ओभरसिज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०२५०० | प्रति तोला - १०२००० | प्रति तोला - १२७५ |



**चैत धानका लागि राख्न थाले ब्याड** | महोत्तरीको बर्दिबास-३ कालापानीका किसान चैते धानका लागि राख्न थाले ब्याड । चैतको दोस्रो साताभित्र रोपाइँ गरिने यो कालापानीको मुख्य खेती हो ।
*तस्बिरः गोपालप्रसाद बराल/रासस*

# 'विमानस्थल नागरिकको पहुँचमा हुनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किरातीले विमानस्थल (एयरपोर्ट) सुविधा र यात्रुमैत्री हुनुपर्ने बताएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई क्षेत्रका विभागीय प्रमुख तथा विमानस्थलसँग सम्बन्धित अधिकारीसँगको संयुक्त बैठकलाई सम्बोधनका क्रममा उहाँले विमानस्थल अझै पनि नागरिकको पहुँचमा नरहनुले गम्भीर प्रश्न उब्जाएको उल्लेख गरे ।

'हामी सबै नेपालीलाई देश बनाउने हुटहुटी छ, राज्यले तोकेको परिभाषित जिम्मेवारीमा बसेर, शपथ खाएर देशको सेवा गर्ने वाचा गरेका छौं,' पर्यटनमन्त्री किरातीले भने, 'मन्त्रालयको कार्यक्षेत्रभित्र रहेको विमानस्थल देशको अनुहार हो, यो सुविधा र यात्रुमैत्री हुनुपर्छ । संसारको उदाहरणमा नेपालको विमानस्थल व्यवस्थापनको एउटा मोडल बन्नुपर्छ तर, अहिलेसम्म किन नागरिकको पहुँचमा विमानस्थल भएन यो गम्भीर प्रश्न हो ।'

अन्तर मन्त्रालयको सम्बन्ध र मातहत निकायबीचको समन्वय नहुँदा यात्रुले सास्ती बेहोर्नु परेकोतर्फ लक्षित गर्दै मन्त्री किरातीले नागरिकले सरल र सहजरूपमा सेवा पाउनेगरी सरकारी निकायले सहजीकरण गर्नुपर्नेमा जोड दिए । उनले विमानस्थललाई यात्रुमैत्री



बनाउन आवश्यक पूर्वाधार, बाहिर काउन्टर, घण्टौं लाइन बस्नुपर्ने अवस्था समाधान गर्न आग्रह गरे । विमानस्थलमा आवश्यक काउन्टर थप्न, बोर्डिङ लिने ठाउँसम्म अशक्त मानिसलाई सहयोग गर्ने व्यवस्था मिलाउन पनि उनले आग्रह गरे ।

सुरक्षाका नाममा नागरिकले अनावश्यक दुःख पाउनु हुँदैन भन्दै मन्त्री किरातीले सुरक्षा संवेदनशीलतासँगै नागरिक सेवा सहजीकरणतर्फ पनि ध्यान दिन निर्देशन दिए । उनले विमानस्थलको अध्यागमनको पटकपटक सर्भर डाउन भएर यात्रुले सास्ती बेहोर्नुपरेको समाचारले नकारात्मक प्रभाव परेको उल्लेख गरे ।

'तत्काल विमानस्थलमा देखिएको बेथिति नसुध्रिए सारा प्रमाणसहित सार्वजनिक गर्न म बाध्य हुनेछु । अब यो बेथितिको अन्त्य हुनुपर्छ, आम नागरिकको पहुँचमा विमानस्थल हुनुपर्छ, एयरपोर्ट सुन्दर हुनुपर्छ, विमानस्थलका सबै कर्मचारी सभ्य हुनुपर्छ,' उनले भने ।

उक्त अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), विमानस्थलका प्रमुख तथा गृहमन्त्रालय र परराष्ट्र मन्त्रालयका पदाधिकारीहरू सहभागी थिए ।

# सेयरबजार निरन्तर ओरालोतर्फ

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयरकारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से २६ दशमलव ४७ अंकले घटेर एक हजार नौ सय ६९ दशमलव शुन्य दुईमा सीमित भएको छ । ठूला कम्पनीको सेयरकारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ८१ अंकले घटेर तीन सय ७३ दशमलव ५६ मा पुगेको छ ।

कारोबार भएका १३ वटै उपसमूहको सेयरमूल्यमा गिरावट आएको छ । कूल कारोबार भएका कम्पनीमध्ये १९ कम्पनीको सेयरमूल्य बढ्दा एक सय ९४ कम्पनीको सेयरमूल्य भने घटेको छ । साथै तीन वटा कम्पनीको सेयरमूल्यमा कुनै परिवर्तन भएको छैन ।

विभिन्न कम्पनीका कूल ३६ लाख ५७ हजार एक सय ५४ कित्ता सेयररू एक अर्ब ३३ करोड ६३ लाख ३३ हजार नौ सय ६४ मूल्यमा खरिद बिक्री भए । आजको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ४४ अर्ब ९२ करोड ४४ लाख २६ हजार चार सय ४७ बराबर छ ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रू आठ करोड १२ लाख ८६ हजार आठ सय ५४ बराबरको सेयरकारोबार भयो । यस्तै शिवम् सिमेन्ट रु छ करोड तीन लाख पाँच हजार दुई सय ६३, एनआइसी एशिया बैंक रु चार करोड ३७ लाख २९ हजार छ सय ४९, नबिल बैंक रु तीन करोड ८५ लाख ६१ हजार चार सय ९४, नेपाल पुनरबिमा कम्पनी रु दुई करोड ५१ लाख ६९ हजार तीन सय बराबरको सेयरकारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार बुद्धभूमि नेपाल हाइड्रोपावर चार दशमलव २९, यसनिक नेपाल लघुवित्त चार दशमलव शुन्य दुई, बोटलर्स नेपाल तराई तीन दशमलव ९१, लक्ष्मी उन्नती कोष तीन दशमलव ७८, सामलिङ पावर कम्पनीको सेयरमूल्य तीन दशमलव ६४ प्रतिशतले बढेको छ ।

ग्लोबल आइएमई लघुवित्त सात, स्वाभिमान लघुवित्त पाँच दशमलव ८०, नाडेप लघुवित्त पाँच दशमलव ७४,सिटिजन म्युचुअल फण्ड पाँच दशमलव ६३ र सनराइज ब्ल्यूचिप फण्डको मूल्य पाँच प्रतिशतले घटेको छ ।

## कर्पोरेट

### सिटिजन्स बैंक र सेन्ट्रल डायग्नोस्टिकबीच सम्झौता




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कमलपोखरी स्थित सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरी बीच सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउने छन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८२ वटा शाखा, १३४ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरूबाट करिव १४ लाख ९५ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ । आफ्नो ग्राहकवर्गहरूलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरू, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, भिसा डेबिट/क्रेडिट/प्रिभिलेज कार्ड सेवा, भिसा इन्टरनेसनल डलर कार्ड सेवा जस्ता सुविधाहरू पनि उपलब्ध गराउँदै आएको छ ।

### कुमारी बैंक र ल्याण्डमार्क होटेलबीच सम्झौता

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र ल्याण्डमार्क होटेल एण्ड रिसोर्टबीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूलाई ल्याण्डमार्क होटेल एण्ड रिसोर्टको सेवाहरूमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ ।

डिजिटल कारोबारमा ग्राहकहरू आकर्षित भइरहेको कुरालाई मध्यनजर गर्दै आफ्ना ग्राहकहरूलाई डिजिटल कारोबारमा प्रोत्साहन गर्नका निमित्त कुमारी बैंकले यस सहकार्य मार्फत ल्याण्डमार्क होटेल एण्ड रिसोर्टका काठमाण्डौं, चितवन र पोखरा शाखाहरूमा आकर्षक छुटको प्रावधान गरेको हो । यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका डेबिट/क्रेडिट कार्ड ग्राहक लगायत मोबाइल बैंकिङ प्रयोगकर्ताहरूले ल्याण्डमार्क होटेल एण्ड रिसोर्टबाट




विभिन्न सेवाहरू जस्तै लजिंग र फुडिंग शुल्कमा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

आफ्ना देशव्यापी ३०४ शाखा सञ्जाल, २९४ एटिएम, ६२ शाखारहित बैंकिङ ईकाई तथा ४९ एक्सटेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरूलाई अत्याधुनिक बैंकिङ सुविधाहरू दिँदै आएको कुमारी बैंकले आगामी दिनहरूमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### सिद्धार्थ र प्रिमियर इन्स्योरेन्सको एकीकृत कारोबार सुरू




**काठमाडौं (प्रस)–** प्रिमियर ईन्स्योरेन्स कम्पनी (नेपाल) लि. र सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेड एकीकृत कारोबार शुरु गरेको छ ।

दुवै कम्पनीबीच विधिवत रूपमा मर्जर भई सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालनमा आएको हो । नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले एक समारोहबीच एकीकृत कारोबार शुभारम्भ गरेका छन् । मर्जरपछि बनेको नयाँ कम्पनीका अध्यक्षमा सुरेशलाल श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृतमा वीरेन्द्रबहादुर वैदवार क्षेत्री नियुक्त भएका छन् ।

दुवै बिमा कम्पनी (१:१) समान सेयर अनुपातमा एक आपसमा मर्जर भए पश्चात् बन्न सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको चुक्ता पूँजी २ अर्ब ८० करोडभन्दा बढी हुने छ भने बिमा कोषमा २ अर्ब ३४ करोडभन्दा बढी रहेको छ । यसैगरी कम्पनीको कुल सम्पति १० अर्ब २५ करोड छ भने बजार पूजीँकरण १८ अर्ब २३ करोड पुगेको छ । कम्पनीद्धारा जारी गरिएको बिमालेख संख्या ४१७१८२ रहेको छ । एकीकृत कम्पनीले १२५ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्ने जनाएको छ ।

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्तिको स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानीनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानीनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ